# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३३ | काठमाडौं | मंगलबार, १२ जेठ २०८३ | Prabhab National Daily | Tuesday, 26 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


पक्राउ गर्ने हतारोले सरकार आफैंलाई धक्का

## देउवा दम्पतीलाई पक्राउ नगर्न सर्वोच्चको आदेश

प्रक्रिया पूरा नगरी हतारमा पक्राउ अनुमति लिएको ठहर




■ जेबी योञ्जन

**काठमाडौं–** सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी पूर्वपरराष्ट्रमन्त्री आरजु राणाविरुद्ध जारी गरिएको पक्राउ पुर्जी सोमबार निष्क्रिय गरिदिएपछि सरकार र अनुसन्धान निकायको कार्यशैलीमाथि गम्भीर प्रश्न उठेको छ। सर्वोच्चले अनुसन्धानको विषयवस्तुभन्दा पनि पक्राउ प्रक्रिया र विधिमै त्रुटि देखाएको हो। यससँगै देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी गराउँदा सरकार प्रक्रियागतरूपमा चुकेको देखिएको छ।

सर्वोच्चका न्यायाधीशद्वय महेश शर्मा पौडेल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले मंगलबार जारी गरेको अन्तरिम आदेशमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र जिल्ला अदालत काठमाडौं दुवैले कानुनले तोकेको प्रक्रिया पालना नगरेको उल्लेख छ। अदालतले यसअघि जिल्ला अदालत काठमाडौंले दिएको पक्राउ अनुमति स्वतः निष्क्रिय हुने ठहर गर्दै देउवा दम्पतीलाई पक्राउ नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको हो।

### सर्वोच्चको दुई ठहर

१ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गर्न अनुमति माग गर्दा र प्रदान गर्दा कानुनी व्यवस्थाले निर्दिष्ट गरेको विधि र ढाँचा अवलम्बन भएको देखिएन ।

२ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान भएको कसुरको मुद्दा हेर्ने क्षेत्राधिकार विशेष अदालतमा रहेको हुँदा काठमाडौं जिल्ला अदालतबाट जारी भएको पक्राउ अनुमति स्वतः निष्क्रिय हुने देखियो ।

विशेषगरी अनुसन्धान निकायले पर्याप्त आधार, प्रमाण र विधिसम्मत प्रक्रिया पूरा नगरी हतारमा पक्राउ अनुमति लिएको सर्वोच्चको निष्कर्षले राज्य संयन्त्रमाथि नै प्रश्न खडा गरेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले २२ चैत २०८२ मा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अन्तर्गत देउवा दम्पतीलाई पक्राउ गर्न अनुमति मागेको थियो।

त्यसको दुई दिनपछि जिल्ला अदालत काठमाडौंले चैत २४ गते पक्राउ अनुमति दिएको थियो। विभागले त्यसपछि इन्टरपोलमार्फत 'रेड नोटिस' जारी गर्ने प्रक्रिया पनि अगाडि बढाएको थियो। तर, सर्वोच्च अदालतले पक्राउ अनुमति माग्दा कानुनले अनिवार्यरूपमा खुलाउनुपर्ने आधारहरू नै उल्लेख नगरिएको ठहर गरेको छ।


क्रमशः पृष्ठ २ मा


## परराष्ट्रमन्त्रीको भ्रमण रद्द भएपछि रवि आफैं भारत जाँदै

- सभापति रवि लामिछानेले भ्रमणका क्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकरलगायतसँग भेट गर्ने तयारी
- यसअघि प्रधानमन्त्रीको भारत भ्रमणका लागि वातावरण बनाउन जेठ १८ गते नै परराष्ट्रमन्त्री शिशिर खनाल नयाँदिल्ली जाने तय भएकोमा उनी सहभागी हुने कार्यक्रम रद्द भएपछि भ्रमण पनि रद्द
- परराष्ट्रमन्त्रीको भ्रमण रद्द भएसँगै रास्वपा सभापति लामिछाने आफैं भारत जाँदै
- लामिछानेको भारत भ्रमणबारे भारतीय अखबारहरूमा चर्चा



■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भारत भ्रमणमा जाने भएका छन्। यसअघि परराष्ट्रमन्त्री शिशिर खनाल नयाँदिल्ली जाने कार्यक्रम थियो। मुलुकको परराष्ट्र सम्बन्ध बिग्रँदै गएसँगै सत्तारुढ दलको मौनतामाथि प्रश्न उठिरहेको बेला मन्त्री खनाल सहभागी हुने कार्यक्रम रद्द भएपछि सभापति लामिछाने जेठ १८ गते नयाँ दिल्ली जान लागेका हुन्।

लामिछाने भारत भ्रमण तय भएको सरकारका प्रवक्तासमेत रहेका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले पुष्टि गरे। 'सभापतिज्यू आफ्नै ढंगले जाँदै हुनुहुन्छ। प्रधानमन्त्रीज्यूको त्योसँग केही पनि सम्बन्ध छैन,' सोमबार मन्त्रिपरिषद्को बैठकपछि प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमण र सभापति लामिछानेको भ्रमणबारे सञ्चारकर्मीले राखेको प्रश्नको जवाफमा प्रवक्ता पोखरेलले भने।



> सभापति रवि लामिछानेज्यू आफ्नै ढंगले भारत भ्रमणमा जाँदै हुनुहुन्छ । उहाँको भ्रमणसँग प्रधानमन्त्रीज्यूको केही पनि सम्बन्ध छैन ।
>
> ■ **सस्मित पोखरेल**
> प्रवक्ता, नेपाल सरकार

सभापति लामिछानेसँगै लामिछानेपत्नी नीकिता पौडेल लामिछाने, सहमहामन्त्री विपिन आचार्य र सचिवालय सदस्य दीपक बोहरा भारत जाने कार्यक्रम तय भएको बताइएको छ। सभापति लामिछानेले भारत भ्रमण क्रममा प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकरलगायतसँग भेट गर्ने तयारी भइरहेको रास्वपा स्रोतले जनाएको छ। लामिछानेलाई जेठ १९ गते भारतीय जनता पार्टी (भाजपा) अध्यक्ष नवीनले भाजपा मुख्यालयमा स्वागत गर्ने छन्। सोही क्रममा दुई नेतृत्वबीच औपचारिक संवादसमेत हुने रास्वपाले जनाएको छ।

यसअघि प्रधानमन्त्री शाहको भारत भ्रमण तय गर्ने उद्देश्यसहित मन्त्री खनाल जेठ १९ र २० गते भारतको नयाँ दिल्लीमा हुन लागेको वन्यजन्तुसम्बन्धी कार्यक्रममा भाग नयाँ दिल्ली जाने तयारी थियो। बाघ, चितुवालगायत वन्यजन्तु संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय समूह 'बिग क्याट अलायन्स'को आयोजनामा हुने भनिएको कार्यक्रम रद्द भएसँगै खनालको उक्त कार्यक्रम रद्द भयो। विश्वव्यापीरूपमा फैलिएको इबोला संक्रमणका कारण खनालको भ्रमण रद्द भएको थियो।

नेपाल-भारतको सम्बन्ध चिसिँदै गएको अवस्थामा सत्तारुढ दलका प्रमुखले पहिलोपटक भारत भ्रमण गर्न लागेका हुन्। यसअघि एमाले-कांग्रेसको गठबन्धन सरकारमा परराष्ट्रमन्त्री रहेकी आरजु त्यतिबेलाका प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण मिलाउन पटक-पटक नयाँदिल्ली पुगेकी थिइन्।

तर ओलीलाई नयाँदिल्लीले स्वागत गर्ने कुनै 'ग्रिन सिग्नल' दिएन। भदौ २३ र २४ गते जेन-जी विद्रोह भएसँगै सुशीला कार्की नेतृत्वको सरकार बन्यो। फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन भएपछि रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकार बनेपछि भारतले विदेशसचिव विक्रम मिश्रीलाई नेपाल पठाउन खोजेको थियो।

तर शाहले उनलाई नभेट्ने भनेपछि उक्त कार्यक्रम स्थगित भएको थियो। यसै विषयमा अघिल्लो सोमबार प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा प्रश्नसमेत उठेको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दक्षिण तथा मध्य एसिया मामिलाका विशेष दूत सर्जियो गोरलाईसमेत प्रधानमन्त्री शाहले नभेटेपछि पछिल्लो कूटनीति कमजोर हुँदै गएको बताइन्छ। नेपाल भारतबीच पछिल्लो समय सीमा विवाद पुनः चर्किएको छ। नेपाललाई नसोधी भारत र चीनले लिपुलेकबाट मानसरोबर आउजाउको बाटो प्रयोग गरेपछि यो विवाद सतहमा आएको हो। परराष्ट्रमन्त्री खनाल पुगे सीमा विवादको विषयमासमेत छलफल हुने बताइएको थियो।

लामिछानेले यो भ्रमणमा भारतीय जनता पार्टीका शीर्ष नेताहरूसँग पनि भेट गर्ने बताएको छ। लामिछाने भारत भ्रमणमा जाने भएपछि भारतीय अखबार 'नवभारत टाइम्स'ले यसलाई महत्त्वपूर्ण भनेको छ।


क्रमशः पृष्ठ २ मा


सन्दर्भः वैदेशिक रोजगार

## कोरिया जान नपाएका युवाहरू रवि खोज्दै रास्वपा कार्यालयमा

जसरी पनि पठाउने वातावरण बनाउन माग

■ ममता थापा

**काठमाडौं–** कोरियन भाषा परीक्षा उत्तीर्ण भएर पनि जान नपाएका युवाहरूले सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कार्यालय घेराउ गरेका छन्। रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत रोजगारीमा जान रोस्टरमा परेर पनि जान नपाएकाहरू सोमबारदेखि पुनः आन्दोलनमा उत्रिएका हुन्।

पीडित युवाहरूले कोरिया जान योग्य भइसकेकाहरूलाई जुनसुकै विकल्पबाट रोजगारीको अवसर प्रदान गर्नुपर्ने माग राखेका छन्। कोरिया सरकारले २०२६ का लागि ई-९ भिसामा ११ हजार कोटा छुट्याएको छ। उक्त कोटामा आफूहरूलाई समावेश गर्नुपर्ने अथवा ई-७ या ई-८ (सिजनल भिसा) मार्फत रोजगारीको अवसर प्रदान गर्न राज्यले पहल गर्नुपर्ने पीडित पक्षको माग छ।

माइतीघर मण्डलमा धर्नामा उत्रिएका युवाहरू केही समय नाराबाजी गरेपछि रास्वपाको कार्यालयमा पुगेका थिए। आफूहरूले




दुईतिहाइ मत दिएर जिताएको सरकारले समस्याको समाधान निकाल्नपर्ने उनीहरूको माग छ। युवाहरूले सभापति रवि लामिछानेसँग वार्ता गर्ने वातावरण मिलाउन माग गरेका थिए। विगतमा पनि यस विषयमा रास्वपा कार्यालयमा चारपटक ज्ञापत्रपत्र बुझाइसक्दा कुनै चासो नदेखाएको उनीहरूको आरोप छ। यद्यपि, सोमबार पार्टी कार्यालयमा भएको छलफलमा संसदीय समितिको बैठकमा पीडितपक्षको प्रतिनिधिसहित छलफल गर्ने कुरामा सहमति भएको छ।

कृषि तथा पशुपालन र उत्पादन क्षेत्रका युवाहरू आन्दोलनमा छन्। पानीजहाज निर्माणतर्फका बाँकी उम्मेदवारलाई पनि उत्पादनतर्फ नै गाभिएकाले उनीहरू पनि पीडित नै छन्। आन्दोलनकै लागि उनीहरू विभिन्न जिल्लाबाट काठमाडौं आएको जनाइएको छ।

करिब नौ महिना अघिदेखि विभिन्न खाले आन्दोलनमार्फत सरकारलाई दबाब दिँदै आएका पीडित युवाहरू गत पुस १६ गतेबाट भने निरन्तर आन्दोलनमा थिए। प्रतिनिधिसभाको निर्वाचन र सरकारी टोली कोरिया नै गएर यस विषयमा छलफल गर्ने भएपछि आन्दोलन स्थगित भएको थियो। उक्त छलफलमा युवाहरूको मागप्रति कोरिया सरकार जानकार र सकारात्मक रहेको जनाइएको थियो। तर त्यसपछि पीडित पक्षलाई राहत मिल्नेगरी कुनै योजना बनेको छैन।

सन् २०२४ मा कोरिया जान भनेर आवेदन दिएका एक लाख ८१ हजार २९९ जना युवामध्ये १८ हजार २८२ जना परीक्षामा उत्तीर्ण भएको युवा, श्रम तथा रोजगार मन्त्रालयको तथ्यांक छ। जसमध्ये आठ हजार ९१२ जनाको रोस्टर अवधि २०२६ भित्र सकिन्छ। कम्पनीमा एकपटक पनि फाइल नपुगी रोस्टर अवधि सकिएको भन्दै कोरिया जाने सपना देखेका युवाहरू आक्रोशित छन्।


क्रमशः पृष्ठ २ मा



सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं, विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं ।

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पृष्ठ १ बाट क्रमश:

### परराष्ट्रमन्त्रीको...

'लामिछाने यतिबेला नेपालको सबैभन्दा शक्तिशाली व्यक्तिका रूपमा कहलिएका छन् । देशमा उनको पार्टी रास्वपाको सरकार छ र वालेन्द्र शाह प्रधानमन्त्री छन् । उनको दिल्ली भ्रमण यसर्थ पनि महत्त्वपूर्ण छ कि काठमाडौंमा रास्वपाको सत्ता आएपछि र वालेन्द्र शाह प्रधानमन्त्री भएपछि नेपाल र भारतकाबीच कुनै उच्चस्तरीय भ्रमण भएको छैन,' अनलाइन संस्करणमा भनिएको छ ।

नवभारत टाइम्सले शाह प्रधानमन्त्री भएपछि भारत-नेपालको सम्बन्ध सुधार हुने संकेत देखिए पनि लिपुलेक सीमा विवाद सतहमा आएको उल्लेख गरेको छ । यतिमात्र हैन प्रधानमन्त्री शाह विदेशी कूटनीतिज्ञसँग भेट्नसमेत नचाहिरहेको उल्लेख गरिएको छ । यस्तो समयमा लामिछाने भारत आउन लागेकोले यसलाई महत्त्वका साथ हेरिएको उक्त अनलाइनमा उल्लेख छ ।

■ ■ ■

### देउवा...

आदेशअनुसार कसुरको छोटकरी विवरण, वारदात, संलग्नता, मिति, समय, स्थान, पक्राउ गर्नुपर्ने कारण तथा अनुसन्धानमा अवरोध पुऱ्याउने सम्भावित आधार स्पष्टरूपमा खुलाइनुपर्ने कानुनी व्यवस्था छ । यद्यपि, विभागले पेस गरेको निवेदनमा ती आधार नखुलेको सर्वोच्चले ठहर गरेको हो ।

प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार सर्वोच्चको आदेशमा छ, 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गर्न अनुमति माग गर्दा र प्रदान गर्दा कानुनी व्यवस्थाले निर्दिष्ट गरेको विधि र ढाँचा अवलम्बन भएको देखिँदैन ।'

अदालतले अनुसन्धानका नाममा स्वेच्छाचारी ढंगले पक्राउ प्रक्रिया अघि बढाउन नहुने स्पष्ट सन्देश पनि दिएको छ । 'कसुरको अनुसन्धानका लागि विधिसम्मतरूपमा पक्राउ गर्न सकिने भए पनि त्यस्तो पक्राउ स्वेच्छाचारी रूपमा हुनुहुँदैन,' आदेशमा छ, 'प्रचलित कानुनले स्थापित गरेको प्रक्रिया अनुरूपमात्रै राज्यले नागरिकको स्वतन्त्रतामा हस्तक्षेप गर्न सक्छ ।'

सर्वोच्चले सरकारको अर्को ठूलो कमजोरीका रूपमा क्षेत्राधिकारको प्रश्न पनि उठाएको छ । सरकारले गत १८ वैशाखमा सम्पत्ति शुद्धीकरण निवारण ऐन संशोधन गर्न अध्यादेश ल्याएको थियो । उक्त अध्यादेशपछि सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा विशेष अदालतको क्षेत्राधिकारभित्र पर्ने व्यवस्था गरिएको थियो ।

तर, विभागले देउवा दम्पतीविरुद्धको पक्राउ अनुमति जिल्ला अदालत काठमाडौंबाट लिएको थियो । सर्वोच्चले यही बिन्दुमा गम्भीर त्रुटि भएको ठहर गरेको छ । आदेशमा विशेष अदालतबाट अनुमति लिनुपर्ने अवस्थामा जिल्ला अदालतबाट अनुमति लिइएको भन्दै उक्त अनुमति स्वत: निष्क्रिय हुने उल्लेख गरिएको छ ।

सर्वोच्चले भन्यो, 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान भएको कसुरको मुद्दा हेर्ने क्षेत्राधिकार विशेष अदालतमा रहेको हुँदा काठमाडौं जिल्ला अदालतबाट जारी भएको पक्राउ अनुमति स्वत: निष्क्रिय हुने देखियो ।'

यसले अनुसन्धान निकायले कानुन संशोधनपछि बनेको नयाँ व्यवस्थासमेत पर्याप्तरूपमा अध्ययन नगरी प्रक्रिया अघि बढाएको वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी बताउँछन् । उनका अनुसार अनुसन्धान निकायले राजनीतिकरूपमा चर्चित व्यक्तिमाथि कारबाही गर्दा अझ बढी सावधानी अपनाउनुपर्नेमा हतारो गरेको देखिन्छ ।

सरकारले देउवा दम्पतीविरुद्ध अन्तर्राष्ट्रिय तहसम्म दबाब सिर्जना गर्न इन्टरपोलमार्फत 'रेड नोटिस' जारी गर्ने तयारी गरेको थियो । तर, इन्टरपोलले पनि प्रमाण र प्रक्रियामै प्रश्न उठाएको थियो । यसपछि इन्टरपोलले पर्याप्त आधार र प्रमाण मागेपछि नेपाल प्रहरीले आवश्यक सामग्री पेस गर्न सकेको छैन । त्यसपछि रेड नोटिस प्रक्रिया नै अवरुद्ध भएको एक जना प्रहरी अधिकारीले बताएका छन् ।

यस घटनाले नेपालको अनुसन्धान प्रणालीको अन्तर्राष्ट्रिय विश्वसनीयतामाथि पनि प्रश्न उठाएको छ । कानुनी आधार कमजोर हुँदा अन्तर्राष्ट्रिय संयन्त्रलेसमेत सहयोग नगर्ने अवस्था बनेको देखिन्छ । देउवा दम्पतीको तर्फबाट सर्वोच्च अदालतमा दिएको रिटमा आफूहरू फरार नभएको, प्रमाण नष्ट गर्ने अवस्था नरहेको र अनुसन्धानमा अवरोध पुऱ्याउने कुनै मनासिव आधार नभएको जिकिर गरेका थिए । साथै, जेन-जी आन्दोलनका क्रममा आगजनीबाट क्षति पुगेको बूढानीलकण्ठस्थित घरको भग्नावशेष सफा गर्न सरकारले अवरोध गरेको विषय पनि उनीहरूले उठाएका थिए ।

तर, सर्वोच्चले उनीहरूको रिटको अन्तिम सुनुवाइ भने गरेको होइन । यद्यपि, राजनीतिक वृत्तमा पनि यो आदेशलाई अर्थपूर्णरूपमा हेरिएको छ । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले देउवा दम्पतीविरुद्धको अनुसन्धानलाई भ्रष्टाचार र अवैध सम्पत्तिमाथिको कारबाहीका रूपमा व्याख्या गर्दै आएको थियो । तर, कांग्रेसको देउवापक्षले सुरुदेखि नै प्रक्रिया र नियतमाथि प्रश्न उठाउँदै आएको थियो । यस्तोमा सोमबार सर्वोच्चको आदेशपछि देउवापक्षले वालेन्द्र सरकारको कार्यशैलीमाथि थप आलोचना गरिरहेको छ ।

यसअघि पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, उनका सरकारका गृहमन्त्री रमेश लेखक, ऊर्जामन्त्री दीपक खड्कालगायतको पनि पक्राउ पुर्जी प्रक्रियामै त्रुटि देखाउँदै सर्वोच्चले रिहा गर्न आदेश दिएको थियो । निवर्तमान गृहमन्त्री सुधन गुरुङले आफूले कानुन पढेर अघि बढ्ने बताएका थिए । उनी स्वयं विवादमा परेर राजीनामा दिएर सत्ताबाट अलग हुने अवस्था बन्यो ।

तर, वालेन्द्र सरकारले आरोपीहरूलाई पक्राउ गराउने प्रक्रियामै त्रुटि गर्दा आरोपीहरू केही दिन हिरासत बसेर रिहा हुने अवस्था बनेको वरिष्ठ अधिवक्ता त्रिपाठी बताउँछन् ।

■ ■ ■

### कोरिया जान...

#### के भन्छन् पीडित?

खोटाङका भूमिराज सैजुले आफ्नो रोस्टर अवधि २०२६ फेब्रुवरी ९ तारिखमा सकिएको बताए । कृषि तथा पशुपालनतर्फको परीक्षा दिएका उनी रोजगारदाताकोमा फाइल नै नपुगी रोस्टर अवधि सकिने हो भने मिहेनत गर्नुको कुनै औचित्य नभएको बताउँछन् । अन्य भिसामा भए पनि कोरिया जान दिनुपर्ने उनको माग छ ।

'यो भाषा पढ्दा हाम्रो समय, उमेर, पैसा सबै गएको छ । अहिलेको दुईतिहाइ सरकारलाई बारम्बार माग राख्दा पनि सुनुवाइ भएको छैन,' उनले भने, 'हाम्रो फाइल रोजगारदातासम्म एक चोटि पनि पुग्दैन भने हामी पढ्नुको के औचित्य ? यो सिस्टमले हामीलाई एकदमै घात गरेको छ । यत्रो लगानी भइसकेपछि जसरी पनि कोरिया लग्नपऱ्यो ।'

बाजुराका वीरेन्द्रसिंह मडाइले पनि तीनपटक भाषा परीक्षा उत्तीर्ण गरे । तर तीनै पटक एक चोटि पनि कम्पनीमा फाइल नपुगी समय सकिएको भन्दै उनले आक्रोश पोखे । 'म भाषा पास भएको तेस्रो चोटि हो । २०१३, २०१९ र २०२३ गरी तीन चोटिमा एक चोटि पनि कम्पनीमा फाइल नपुगी सकियो,' उनले भने, '२५ वर्षदेखि सुरु गरेको ३३ वर्ष पुग्दासम्म एक चोटि पनि कोरिया जान पाएन । यो आन्दोलनबाट कि वार कि पार हुन्छ ।'

आन्दोलनमा आएकी इटहरीको सबिता राउतले पनि आफूहरू अब जुनसुकै कदम चाल्न पनि तयार भएको बताइन् । 'हामी सबै ढोका ढक्ढक्याउन गइसक्यौं । हामीलाई किन झुलाएर राखिरहेको ?,' उनले भनिन्, 'हुन्छ कि हुँदैन भनेको भए हामी त्यहीअनुसार विकल्प सोच्थ्यौं । फ्रस्ट्रेसनले अब हामी जे गर्न पनि तयार भएका छौं ।'

## कर्तव्यनिष्ठ जनशक्ति उत्पादन गर्न आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानसेनापति अशोकराज सिग्देलले दक्ष र गुणस्तरीयमात्र नभई कर्तव्यनिष्ठ र इमान्दार जनशक्ति उत्पादन गर्न नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानलाई आग्रह गरेका छन् ।

संस्थानको १५औं स्थापना दिवसका अवसरमा सोमबार यहाँ अयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले मुलुकमा स्वास्थ्य क्षेत्रका जनशक्तिको थप आवश्यकताको वर्तमान अवस्थालाई मध्यनजर गरी यस क्षेत्रमा थप गुणस्तरीय जनशक्ति उत्पादन गर्ने एक उत्कृष्ट शैक्षिक संस्थाका रूपमा आफूलाई स्थापित गरी अघि बढ्न सो संस्थानलाई शुभकामना दिए ।

चिकित्सा क्षेत्रजस्तो संवेदनशील एवं महत्त्वपूर्ण विषयका जनशक्ति उत्पादन गरेर छोटो समयमै स्वदेश तथा विदेशमा आफूलाई सुपरिचित गराउन सकेकामा संस्थानको प्रशंसा गर्दै प्रधानसेनापति



सिग्देलले आगामी दिनमा समयानुकूल थप गुणस्तारीय फड्को मार्दै अघि बढ्न आग्रह पनि गरे ।

त्यस अवसरमा उनले उक्त संस्थानमा अध्ययनरत विभिन्न विधाका उत्कृष्ट विद्यार्थी, चिकित्सक एवं कर्मचारीहरूलाई पुरस्कार प्रदान गरेका थिए । कार्यक्रममा संस्थानका निर्देशक प्रा.डा. देवेन्द्रबहादुर खत्रीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थानले हाल सञ्चालन गरिरहेका विभिन्न विषय र कार्यक्रमहरूको अवस्था र आवश्यकताका बारेमा जानकारी गराए ।

संस्थानका अर्का निर्देशक पुरुषोत्तम खड्का र प्राचार्य प्रा.डा. रत्ना अधिकारीले संस्थानका प्राज्ञिक एवं प्रशासनिक गतिविधिहरूका बारेमा जानकारी गराएका थिए । त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानका डिन प्रा.डा. मोहनराज शर्माले नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानले मुलुकको स्वास्थ्य क्षेत्रका लागि आवश्यक दक्ष एवं उत्कृष्ट जनशक्ति उत्पादन गरिरहेको बताए ।

नेपाली सेनाको कल्याणकारी कोषअन्तर्गत २०६७ सालमा स्थापना भएको यस संस्थानले उच्च शिक्षाका माध्यमबाट चिकित्सक, नर्सदेखि विशेषगरी स्वास्थ्य क्षेत्रका जनशक्तिहरू उत्पादन गरिरहेको छ । हाल सो संस्थानले स्नातक तहमा पाँच र स्नातकोत्तर तहमा २३ विभिन्न विषय एवं शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । उक्त संस्थानमा सञ्चालित सबै विषय र संकायका गरी करिब एक हजार ४०० विद्यार्थी र २४८ संकाय सदस्य रहेका छन् ।

## 'पीडितलाई छिटो न्याय दिन नीतिगत सुधार गरिँदै छ'

**काठमाडौं (प्रस)–** कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले यौनजन्य हिंसाका पीडितलाई छिटो न्याय सुनिश्चित गर्न सरकार नीतिगत सुधारमा लागेको बताएकी छन् ।

प्रतिनिधिसभाअन्तर्गत कानुन न्याय तथा मानवअधिकार समितिले सिंहदरबारमा 'कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यक्षेत्र, चालु आर्थिक वर्षको प्रगति समीक्षा र आगामी कार्ययोजना' विषयक छलफलमा मन्त्री गौतमले महिला र बालबालिकामाथि हुने यौनजन्य हिंसा तथा साइबर अपराध न्यूनीकरण गर्न नीतिगत सुधारको प्रक्रिया सरकारले अघि बढाइरहेको बताइन् ।

'डिजिटल न्याय प्रणालीको सुदृढीकरण, वित्तीय अपराध न्यूनीकरण तथा भ्रष्टाचार नियन्त्रणका लागि कडा कानुनी व्यवस्था लागू गर्न मन्त्रालयले काम गरिरहेको छ,' मन्त्री गौतमले भनिन्, 'यौनजन्य हिंसा र साइबर अपराध न्यूनीकरण गर्न नीतिगत सुधारका लागि मन्त्रालयले काम गरिरहेको छ ।'

मन्त्री गौतमले भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिन तथा समयसीमाभित्र सम्पन्न नभएका आयोजनासम्बन्धी मुद्दा मामिलाको छिटो समाधानका लागि कानुनी परामर्श प्रक्रिया सहज बनाउने तयारी भइरहेको जानकारी दिइन् । उनले सबै कानुन सर्वसाधारणको पहुँचमा पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउँदै संक्रमणकालीन न्याय प्रणालीको प्रभावकारिता बढाउन जनशक्ति व्यवस्थापन तथा पीडितमैत्री भौतिक संरचना विकास गर्ने तयारी भइरहेको जानकारी दिइन् ।

बैठकमा सांसदहरूले गरिबीको रेखामुनि रहेका समुदायका लागि न्याय सुनिश्चितता, एआईको दुरूपयोग नियन्त्रण र स्वास्थ्य सेवाको प्रभावकारिता बढाउन नीतिगत सुधार आवश्यक रहेको बताए । सांसदहरूले सबै जिल्ला र प्रदेशमा न्यायिक सेवाको पहुँच विस्तार गर्न र अदालत सेवाको दायरा बढाउन नीतिगत पहल गर्न मन्त्री गौतमको ध्यानाकर्षण गराए ।

## 'होल्डिङ सेन्टर'का नागरिकलाई पुनर्स्थापना गर्न माग

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा अन्तर्गत कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा सांसदहरूले 'होल्डिङ सेन्टर'मा राखिएका नागरिकलाई तत्काल पुनर्स्थापना गर्न माग गरेका छन् ।

समितिको सोमबार सिंहदरबारमा बसेको बैठकमा होल्डिङ सेन्टरमा सो समितिद्वारा गरिएको स्थलगत अवलोकन प्रतिवेदनमाथिको छलफलमा सांसदहरूले घरबारविहीनलाई उचित व्यवस्था गरेर पुनर्स्थापना गर्नु राज्यको दायित्व भएको उल्लेख गरे । होल्डिङ सेन्टरमा रहेका नागरिकका लागि दैनिक जीवन निर्वाह गर्न सामाजिक सुरक्षा तथा रोजगारीका अवसर सिर्जना गर्न आवश्यक भएको भन्दै अनाथ र गरिब बालबालिकाका लागि नि:शुल्क शिक्षाको व्यवस्था मिलाउनुपर्नेमा उनीहरूले जोड दिए ।

अवलोकन प्रतिवेदनमा होल्डिङ सेन्टरमा गोपनीयताको अभाव र दैनिक कामको अनिश्चितता तथा प्रभावित नागरिकको भविष्य अन्योल देखिएकाले पुनर्स्थापनाको स्पष्ट योजना र निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने सुझाव दिइएको छ । होल्डिङ सेन्टरमा मानवअधिकारको उल्लंघन नदेखिए पनि दीर्घरोगी, बिरामी तथा सुत्केरीलाई भने औषधि र पौष्टिक खानाको कमी देखिएको पाइएको तथा आफ्नो घर र जीवनशैली छोडेर होल्डिङ सेन्टरमा बस्नुपर्दा केही व्यक्तिमा मानसिक असर परेको प्रतिवेदनमा उल्लेख छ ।


### बिमालेख हराएको सूचना

मिति २०८२/१०/२० गते धादिङदेखि काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : Naman Bista (नमन विष्ट)
बिमा लेख नं.: UL 13300000105
कम्पनी : Himalayan Life Insurance Limited (हिमालयन लाइफ इन्स्योरेन्स लि.)
ठेगाना : बन्दीपुर-९, काठमाडौं, नेपाल
सम्पर्क नं : 9749706401

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Munal Overseas Pvt. Ltd.** (ई.प.नं. ४६५/०६०/०६१) मा कार्यरत **कान्त राज तामाङ (Kanta Raj Tamang)** (ना.प्र.प्र.नं. ३३६७१, रामेछाप) रामेछाप नगरपालिका वडा नं.४ निबासीलाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. ४६५/०६०/०६१
MUNAL OVERSEASE PVT. LTD
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

### कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **J.J Human Resource Pvt.ltd.** इजाजत नम्बर १०४०/०७३/७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजतसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | ना.प्र.प्र.नं. |
|---|---|
| सोनी बजगाई | ५८६४ |
| श्वेता धमला | १५-०१-७४-०१०१७ |
| निरकला राई | ०६१००५-१५८९१० |
| सिन्धु घतानी | २४-०१-७८-०६४५३ |
| हुमलाल पोर्तेल | ४६७/१५ |

Govt. License No. 1040/073/74
J. J. HUMAN RESOURCE PVT. LTD.
Sinamangal 9, Manpower Bazar, Kathmandu, Nepal, Tel: 4486825, 4486826, Mobile: 9851228946, 9851053767,
Email: jjhumanresource1040@gmail.com, info@jjhumanresource.com, Web: jjhumanresource.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति: २०७९/१२/०१ मा दर्ता भएको प्रा.लि.नं. ३०९०१३ को **रामकोट कृषि फर्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०२/१६ मा दर्ता भएको **प्रा.लि.नं. ३३७४३५/०८०/०८१** को **भिजन कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि.** को मिति २०८३/०२/११ को एकल शेयरधनिको बैठकको विषेश निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटर: रमेश हरि अधिकारी, इजाजत पत्र नं. ५४७, सम्पर्क ९८४२६३८३६७**

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति २०८३।०२।१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ३५ को ४९२.६५ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**मुनाल सामुदायिक वन उपभोक्ता समूह, बकैया- १, मकवानपुर**

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति २०८३।०२।१२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २१५ को २१८४.६४ घनफिट काठ तथा साल समेत मिश्रित जातको दाउरा १४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**हात्तीचरण सामुदायिक वन उपभोक्ता समूह, बकैया- ७, मकवानपुर**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा, सानोठिमी भक्तपुरको**

**श्री व्यवसायिक प्रशिक्षण केन्द्र का.म.न.पा-२९, काठमाडौंको नाम तथा ठेगाना परिवर्तन संम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०२/१२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट छोटो अवधिको Assistant Beautician-390hrs को तालिम सम्बन्धन/स्वीकृति प्राप्त संस्था **श्री व्यवसायिक प्रशिक्षण केन्द्र का.म.न.पा-२९**, काठमाडौंले संस्थाको नाम परिवर्तन गरी **श्री एस्थेटिक्स ब्युटी एकेडेमी** र ठाउँ परिवर्तन (ठाउँसारी गरी **का.म.न.पा ३१, मध्य बानेश्वर, काठमाडौं** कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नम्बर ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नाम तथा ठेगाना (ठाउँसारी) परिवर्तन प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन र स्वीकृत उल्लेखित कार्यक्रम प्रति कोहि कसैको हकदाबी विरोध गुनासो आदि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन अनुरोध छ । उल्लेखित समयसिमा भित्र कसैको उजुरी नपरेमा नाम तथा ठेगाना (ठाउँसारी) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी भक्तपुर**
**फोन नं. ०१-६६३०४०८, इमेल :** ctevtaccreditation061@gmail.com

### कतारमा रोजगार

कम्पनी : ALMEERA BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 339597 | चलानी नं. ६०२५२९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 3900 | १६३,२३० | क्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1800 | ७५,३३५ | | | | | | | |
| 3 | Hair Beautician | 0 | 4 | 1800 | ७५,३३५ | | | | | | | |
| 4 | Beautician | 0 | 4 | 1800 | ७५,३३५ | | | | | | | |
| 5 | Manicurist | 0 | 4 | 1800 | ७५,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

### ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!
### शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रकिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: HARTA PACKAGING INDUSTRIES SDN BHD
कम्पनी : हर्त प्याकेजिङ इन्डस्ट्रिज एसडिएन बिएचडि

Pre Approval Date : 2026-05-25 | LT. No. 342655 | Invoice No. 60255954
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | एल टि न. ३४२६५५ | चलानी नं. ६०२५५९५४

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | जेनेरल वर्कर/फ्याक्ट्री वर्कर General Worker/ Factory Worker | २२ 22 | ० 0 | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६५,५७० 65,570 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the office on 2nd Jun. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १८ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा शान्ती ओभरसिज प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Santi Overseas Pvt. Ltd. to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७०० /- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० /- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले ब्यहोर्ने रोजगारदाताले ब्यहोर्ने
who will bear the Service Fee By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Santi Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

SANTI OVERSEAS PVT. LTD.
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769,
985-6035708 (Dhan Sir), E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com
श्रम ईजाजत नं. १४९५/०७४/०७५

### सभामुख र राष्ट्रिय सभा अध्यक्षलाई महासंघको ध्यानाकर्षणपत्र

# सरकारको विभेदकारी विज्ञापन नीति हटाउन र प्रेस स्वतन्त्रताको रक्षा गर्न माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल पत्रकार महासंघले प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल र संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति डा. ओजस्वी शेरचनलाई ध्यानाकर्षणपत्र बुझाएको छ । महासंघको प्रतिनिधिमण्डलले सोमबार उनीहरूलाई छुट्टाछुट्टै भेटेर सरकारी विज्ञापनसम्बन्धी सरकारको विभेदकारी नीति अन्त्य गनुपर्नेलगायत मागसहित ध्यानाकर्षणपत्र बुझाएको हो ।

ध्यानाकर्षणपत्रमा महासंघले संविधानमा उल्लिखित प्रेस स्वतन्त्रताको रक्षा, श्रमजीवी पत्रकारको हित र सरकारी विज्ञापन वितरणमा निजी सञ्चारमाध्यममाथि भइरहेको विभेद अन्त्य गर्न माग गरेको छ ।

'नेपाली सञ्चार क्षेत्र लामो समयदेखि आर्थिक संकटबाट गुज्रिरहेको छ । यसका कारण पत्रकारहरूले प्रचलित कानुनबमोजिम सेवा-सुविधा प्राप्त गर्न सकेका छैनन् । त्यसैगरी कोभिड-१९ महामारीपछिको आर्थिक संकटबाट प्रभावित सञ्चारमाध्यमहरूले गत भदौको जेन-जी आन्दोलनका क्रममासमेत क्षति व्यहोर्नुपरेको थियो,' महासंघले भनेको छ, 'पछिल्लो समय सरकारले अपनाएको विज्ञापनसम्बन्धी नीतिका कारण थप आर्थिक मार खेप्नुपरेको छ ।'

गत चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णयका आधारमा संघीय सरकारका सबै निकाय, प्रदेश सरकार तथा स्थानीय तहलाई जारी गरिएको परिपत्रप्रति महासंघ गम्भीररूपमा असहमत रहेको उल्लेख गर्दै त्यसविरुद्ध आन्दोलनमा रहेको जानकारी ज्ञापनपत्रमा गरिएको छ । 'यस्तो गम्भीर विषयमा निर्णय गर्दा सरोकारवाला संस्था महासंघसँग सामान्य परामर्शसमेत नगरिनु दुःखद् पक्ष हो,' महासंघको भनाइ छ ।

सरकारी सञ्चारमाध्यममामात्र सरकारी विज्ञापन तथा सूचना प्रकाशन प्रसारण गर्न निर्देशन दिने उक्त परिपत्रले नेपाली सञ्चार क्षेत्रको ठूलो हिस्सा ओगटेका निजी तथा सामुदायिक सञ्चारमाध्यममाथि विभेद गरेको महासंघको ठहर छ । 'उक्त निर्णय तथा परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र अभ्यास, नेपालको संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हक, स्वतन्त्र पत्रकारिता, खुला अर्थनीति तथा संघीयताको मर्मविपरीत छ । तसर्थ, उक्त निर्णय तत्काल फिर्ता लिन सरकारको ध्यानाकर्षण गराउन अनुरोध गर्दछौं,' ज्ञापनपत्रमा भनिएको छ ।

सरकारको उक्त निर्णयको विरोधमा देशभरका जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाइसकेको महासंघले जनाएको छ । महासंघका प्रदेश तथा स्थानीय संरचनामार्फत प्रदेश सरकार र स्थानीय तहलाई उक्त निर्णय कार्यान्वयन नगर्न अपिलसमेत गरिएको महासंघको भनाइ छ ।

'उक्त निर्णय तथा परिपत्र तत्काल खारेज गरी विज्ञापनसम्बन्धी समानुपातिक वितरणको स्पष्ट नीति ल्याई सबै सञ्चारमाध्यमलाई समान व्यवहार हुनेगरी अगाडि बढ्न सरकारसँग माग गर्दछौं । साथै, लोककल्याणकारी विज्ञापनको रकम वृद्धि गरी समयमै भुक्तानी सुनिश्चित गर्न पनि सरकारको ध्यानाकर्षण गराएका छौं,' महासंघकी अध्यक्ष निर्मला शर्माले भनिन् ।

यदि सरकारले तत्काल आफ्नो निर्णय सच्याएन भने सञ्चारमाध्यमहरू धराशायी हुने, श्रमजीवी पत्रकारहरूको पेसागत भविष्य संकटमा पर्ने, धेरै सञ्चारमाध्यम बन्द हुने र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक एवं सञ्चारको हकमाथि गम्भीर प्रहार हुने अवस्था सिर्जना हुने उनले बताइन् । यसले सरकारको लोकतान्त्रिक प्रतिबद्धतामाथिसमेत गम्भीर प्रश्न उठाउने महासंघको ठहर छ ।

भेटका क्रममा सभामुख अर्यालले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्नुको कारण के हो भन्नेबारे स्पष्ट हुन जरुरी रहेको बताए । यसका लागि सरोकारवाला मन्त्रालयसँगनै समन्वय गर्न उनले आग्रह गरे । 'सरकारले बुझेर नै यो नीति लिएको हुन सक्छ, यो कुरा तपाईंहरूलाई स्पष्ट बुझाउन जरुरी,' सभामुख अर्यालले भने, 'रोजगारी सिर्जना गर्ने नीतिसहित अगाडि बढेको सरकारले यत्रो सञ्चारमाध्यम बन्द हुँदा पत्रकारहरू बेरोजगार हुने कुरालाई ख्याल गरेकै हुनुपर्छ ।'


## कम्पनीको नाम परिवर्तन भएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०२/१२

यस कम्पनीको मिति २०८३/०२/०५ मा सम्पन्न साधारण सभाको निर्णय अनुसार साविक कम्पनी हेलो **इ.पि.एस प्रा. लि. (प्रा. लि. नं. ३०३३२०/७९/८०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बुझाउनु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/०७ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अबान्ते कोरियन भाषा केन्द्र प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०९/०७ मा दर्ता कायम भएको **ओ.डि.सी क्याफे एण्ड रेष्टुरेण्ट प्रा.लि.** (प्रा.लि.नं. २८०३०२/२०७८/०७९) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०१/१० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री कुमार गुरुङ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ५२१/फोन नं. ९८४१८६१६३०**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१२ गते**

यस कम्पनीको मिति २०८३/०१/२० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एक्मी टेक्निकल इन्स्टिच्युट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सि.टि.नेट प्रा.लि. (प्रा.लि.नं. ९१८९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## VACANCY ANNOUNCEMENT

***Published Date : 2083-02-12***

Lord of The Drinks Private Limited is a renowned, well established biggest hub in the area of Night Club (DJ events) in Nepal. And it is hereby invites applications for the following Job vacation:

**Formal DJ performer (1 DJ artist)**

- More than 5 years of experience in DJ performance.
- Experience of Heading National and International Musical Lounge and Discotheque.
- Excellent in English Language.
- Minimum 2 International Events must be done as DJ and Sound engineering manager.

**Formal Belly Dancer (2 Belly Dancer)**

- More than 3 years of experience in Dance performance
- Experience of Heading National and International Musical events and Clubs.
- Excellent in English Language.
- Minimum 3 International Dance performance must be attended.

Salary and benefits are negotiable. Candidates should have good knowledge of spoken and written English. Interested candidates may send their applications along with their bio-data (CV) and currently notice period via email to lordofthedrinks2018@gmail.com before May 30, 2026. Note: First Preference given to Nepalese candidates.



## साउदीमा रोजगार

कम्पनी : AL WOUSTAH FOOD SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 333997 | चलानी नं. ६०२४७६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ र २२ गते (2 and 5 June 2026) मा हुनेछ ।
Itahari Sunsari Multiple Training Center मा मिति: २०८३ जेठ २० गते (3 June 2026) मा हुनेछ ।
Butwal, Hotel Span-8 Sukhhanagar मा मिति: २०८३ जेठ २१ गते (4 June 2026) मा हुनेछ । पोखरामा मिति: २०८३ जेठ २२ गते (5 June 2026) मा हुनेछ ।
नेपालगञ्जमा मिति: २०८३ जेठ २४ गते (7 June 2026) मा हुनेछ । बिर्तामोडमा मिति: २०८३ जेठ २५ गते (8 June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



## साउदीमा रोजगार

कम्पनी : AL NADA AL AKHDAR CAFÉ FOR BEVERAGE | शहर : Qatif Dammam

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342625 | चलानी नं. ६०२५५९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Service Agent | 1 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Rajendra Ghimire 9865502308, Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



## साउदीमा रोजगार

कम्पनी : JAWAD REFRIGERATED TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342582 | चलानी नं. ६०२५५८९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load off Load Worker | 1 | 0 | 1000 | ४०,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902



## कुवेतमा रोजगार

कम्पनी : KUWAIT FLOUR MILLS & BAKERIS CO

पूर्व स्वीकृति मिति : २०८१/११/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 339606 | चलानी नं. ६०२५२९४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician (Gulf R) | 50 | 0 | 253 | १,२४,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver Kuwait Returned | 30 | 0 | 210 | १,०३,४८३ | | | | | | | |
| 3. | Machanic | 50 | 0 | 253 | १,२४,६७२ | | | | | | | |
| 4. | Production Helpers | 100 | 0 | 144 | ७०,९६० | | | | | | | |
| 5. | Salesman | 66 | 0 | 172 | ८४,७५७ | | | | | | | |
| 6. | Vendor/salesman | 74 | 0 | 172 | ८४,७५७ | | | | | | | |

कम्पनी : KUWAIT FLOUR MILLS & BAKERIS CO.

पूर्व स्वीकृति मिति : २०८२/१२/०१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 320366 | चलानी नं. ६०२३४४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Senior Machine Operator | 1 | 0 | 233 | १,१४,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security & Safety Technician | 24 | 0 | 152 | ७४,९०२ | | | | | | | |
| 3. | Production Supervisor | 10 | 0 | 299 | १,४७,३३९ | | | | | | | |
| 4. | Production Quality Controller | 5 | 0 | 340 | १,६७,५४३ | | | | | | | |
| 5. | Production Helpers | 31 | 0 | 124 | ६१,१०४ | | | | | | | |
| 6. | Occupation Security & Safety Technician | 17 | 0 | 233 | १,१४,८१६ | | | | | | | |
| 7. | Master Baker | 24 | 0 | 409 | २,०१,५४४ | | | | | | | |
| 8. | Machine Operator/machinist | 36 | 0 | 190 | ९३,६२७ | | | | | | | |
| 9. | Industrial Equipment Installation M | 2 | 0 | 152 | ७४,९०२ | | | | | | | |
| 10. | Heavy Driver Kuwait Returned | 1 | 0 | 190 | ९३,६२७ | | | | | | | |
| 11. | Forkit Operator (Gcc Valid License) | 11 | 0 | 152 | ७४,९०२ | | | | | | | |
| 12. | Fire Fighters | 11 | 0 | 138 | ६८,००३ | | | | | | | |
| 13. | Dough Mixer | 6 | 0 | 233 | १,१४,८१६ | | | | | | | |
| 14. | Dough Kneader. | 11 | 0 | 152 | ७४,९०२ | | | | | | | |
| 15. | Assistant Supervisors | 23 | 0 | 233 | १,१४,८१६ | | | | | | | |
| 16. | Assistant Operation Technician | 27 | 0 | 152 | ७४,९०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९०४/०६७/०६८
DECENT EMPLOYMENT PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np



## युएइमा रोजगार

कम्पनी : LULU HYPERMARKET-SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342436 | चलानी नं. ६०२५५८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer | 0 | 110 | 1000 | ४१,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LULU HYPERMARKET-SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342437 | चलानी नं. ६०२५५८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packer | 190 | 0 | 1000 | ४१,५१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९



## साउदीमा रोजगार

कम्पनी : UNION EXPRESS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342525 | चलानी नं. ६०२५५८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 2 | 0 | 1800 | ७३,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AWAL EQUIPMENT RENTAL COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342524 | चलानी नं. ६०२५५८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Workers | 1 | 0 | 1200 | ४८,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AREEJ NATIONAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342527 | चलानी नं. ६०२५५८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labours | 7 | 0 | 1000 | ४०,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FACTORY OF TAIBA JEWELRY AND JEWELRY COMPANY BRANCH OF TAIBA JEWELRY AND JEWELRY COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342526 | चलानी नं. ६०२५५९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Jewelry Maker Worker | 20 | 0 | 1200 | ४८,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५
Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np



## ओमनमा रोजगार

कम्पनी : AL ADRAK TRADING AND CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342444 | चलानी नं. ६०२५५८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumber | 10 | 0 | 120 | ४७,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brickers (Bricklayers) | 20 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 3 | Bricklayer/ Mason | 30 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 4 | Industrial Electrician | 5 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 5 | Mason Concrete Block Layer | 50 | 0 | 120 | ४७,७७२ | | | | | | | |
| 6 | Stone Mason | 45 | 0 | 120 | ४७,७७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान
१. बाँके – नेपालगञ्ज उप-महानगरपालिका, नेपालगञ्ज ट्रेनिङ सेन्टरमा मिति: २०८३ जेठ १७ गते (31th May 2026) मा हुनेछ ।
२. काठमाडौं – काठमाडौं महानगरपालिका, वर्ल्ड नेट स्किल ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ १८ गते (1st Jun 2026) मा हुनेछ ।
३. सुनसरी – इटहरी उप-महानगरपालिका, सुनसरी ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ १९ गते (2nd Jun 2026) मा हुनेछ ।
४. सिराहा – गोलबजार नगरपालिका, माँ धार्मिनी ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ २० गते (3rd Jun 2026) मा हुनेछ ।
५. सिराहा – मिर्चैया नगरपालिका, मिर्चैया टेक्निकल एण्ड ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ २१ गते (4th Jun 2026) मा हुनेछ ।
६. धनुषा – जनकपुर उप-महानगरपालिका, फ्रेन्डसिप ट्रेडिङ सेन्टरमा मिति: २०८३ जेठ २२ गते (5th Jun 2026) मा हुनेछ ।

नोट : यस LT No. 342444 को विज्ञापन वर्ष १३ अंक ३० मिति २०८३ जेठ ९ गते प्रभाव दैनिकमा प्रकाशन भइसकेकोमा अन्तवार्ता मिति अन्यथा हुन गएकोले आज मिति २०८३ जेठ १२ गते पुन: प्रकाशन गरिएको व्यहोरा जानकारी गरिन्छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३७/०५५/०५६
Hit Overseas Employment Pvt.Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454,
Bhuban Pun : 4970077 E-mail : hitoverseasemployment@gmail.com



## साउदीमा रोजगार

कम्पनी : OVERL SPECIALTY COFFEE CAFE FOR SERVING BEVERAGES | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०१/२९ | LT. No. 341956 | चलानी नं. ६०२५५५१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea/Coffee Servers | 2 | 0 | 1200 | ४८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SINOPEC TENTH CONSTRUCTION COMPANY LIMITED BRANCH COMPANY | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 341904 | चलानी नं. ६०२५५५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker/ Helper | 2 | 0 | 1000 | ४०,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED LEAP COMPANY | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342409 | चलानी नं. ६०२५५८७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading | 1 | 0 | 3500 | १४२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INDOGOLF COMPANY | शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/१३ | LT. No. 342554 | चलानी नं. ६०२५५८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1500 | ६०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Gaurighat, Gaurinagar, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80



## स्काई बचत तथा ऋण सहकारी संस्था लि.

का.म.पा.-१३ कालिमाटी, काठमाण्डौ, फोन : ०१-५३८३५४७
E-mail : skysahakari@gmail.com

## ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१२**

यस संस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले उपभोग गरेको ऋण संस्थासँग ऋण लिने बेलामा गरेको लिखित सम्झौता भंग गरी संस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जना रकम तिर्न बुझाउन नआई आलटाल एवं बेवास्ता गरेको र तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत बेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र संस्थाको कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम तिर्न बुझाउन हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियम तथा प्रचलित कानून बमोजिम आवश्यक प्रकृया अघि बढाइने जानकारी यसै सूचना मार्फत गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | साक्षी तथा जमानतकर्ताको विवरण |
|---|---|
| **१) ऋणी : श्री अलिशा श्रीवास्तव**<br>बाजेको नाम : कृष्ण मोहन साहाये<br>बुवाको नाम : सञ्जय कुमार श्रीवास्तव<br>स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगञ्ज महानगरपालिका वडा नं. ०६<br>हालको ठेगाना : धापाखेल-२३, ललितपुर | **१) साक्षी तथा जमानी : श्री ताहिर हुसेन**<br>बाजेको नाम : अली हसन मियाँ<br>बुवाको नाम : महम्मद जाहिर कुजडा<br>स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगञ्ज महानगर पालिका वडा नं. ०७<br>हालको ठेगाना : काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ०७ |
| **२) ऋणी : श्री सपन कुमार थापा**<br>बाजेको नाम : भक्त बहादुर थापा<br>बुवाको नाम : कृष्ण बहादुर थापा<br>ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४, कुलेश्वर<br><br>**उक्त दुवै ऋणीहरू संयुक्त रूपमा सञ्चालित Kanti Traders Pvt. Ltd. कम्पनीका सञ्चालक रहेका छन् ।** | **२) साक्षी तथा जमानी**<br>**श्री आयुष श्रीवास्तव**<br>बाजेको नाम : कृष्ण मोहन साहाये<br>बुवाको नाम : सञ्जय कुमार श्रीवास्तव<br>स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगञ्ज महानगर पालिका वडा नं. ०६<br>हालको ठेगाना : धापाखेल-२३, ललितपुर |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आश्वासन होइन, उद्योग चलाउन कार्ययोजना ल्याऊ

मुलुकमा नयाँ सरकार गठन हुनु र नवनियुक्त उद्योगमन्त्रीले पदभार ग्रहण गरेलगत्तै बन्द प्रायः सरकारी उद्योगहरूको स्थलगत निरीक्षणमा निस्कनु एउटा स्थापित राजनीतिक 'कर्मकाण्ड' जस्तै बनिसकेको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले हालै बन्द अवस्थामा रहेको हेटौंडा सिमेन्ट उद्योग, कपडा उद्योग, वीरगञ्ज चिनी कारखानालगायतको निरीक्षण गर्दै व्यक्त गरेको प्रतिबद्धताले यही पुरानो परम्परालाई पुनः निरन्तरता दिएको छ । निजी क्षेत्रका सिमेन्ट उद्योगहरू नाफामा चल्ने तर सरकारी स्वामित्वको ऐतिहासिक उद्योग ११ महिनासम्म कर्मचारीलाई तलब खुवाउन नसकेर, विद्युत् महसुल तिर्न नसकेर र कच्चा पदार्थको अभावमा थला पर्नु निश्चय नै राष्ट्रिय लज्जाको विषय हो । मन्त्रीले यसलाई 'अत्यन्तै दुःखद' भन्नु र गम्भीरतापूर्वक अध्ययन भइरहेको बताउनु सकारात्मक सुनिए पनि आमनागरिक र अर्थतन्त्रका लागि यो नयाँ भाष्य भने होइन ।

विगतका हरेक मन्त्रीहरूले पनि हेटौंडा सिमेन्ट, वीरगञ्ज चिनी कारखाना, जनकपुर चुरोट कारखाना वा बुटवल धागो कारखानाको भ्रमण गरेर यसैगरी पुनः सञ्चालनको आश्वासन बाँडेका थिए । तर, विडम्बना के छ भने मन्त्रीहरूको यो जोस र प्रतिबद्धता केवल निरीक्षणको दिन र सञ्चारमाध्यमका हेडलाइनहरूमामात्र सीमित हुने गरेको छ । पद सम्हाल्नासाथ बन्द उद्योगको आँगनमा पुग्ने मन्त्रीहरूले ती उद्योगलाई दीर्घकालीनरूपमा सञ्चालन गर्ने कुनै ठोस, व्यावहारिक र वैज्ञानिक कार्ययोजना ल्याउन सकेका छैनन् । हेटौंडा सिमेन्टकै हकमा वि.सं. २०३३ सालमा जडान गरिएका उपकरणहरू अहिले पूर्णरूपमा पुराना र जीर्ण भइसकेका छन् । केवल केही महिनाको टालटुले मर्मत वा अल्पकालीन आर्थिक अनुदानलेमात्र यस्ता उद्योग प्रतिस्पर्धी बन्न सक्दैनन् भन्ने कटु सत्यलाई सरकारले बुझ्न ढिला गरिसकेको छ । मन्त्री यादवका हकमा पनि उनको यो भनाइ परम्परागत आश्वासनमात्रै हो वा यसमा साँच्चिकै इच्छाशक्ति लुकेको छ भन्ने कुरा आगामी दिनमा आउने कार्ययोजनाले नै प्रस्ट पार्ने छ ।

अहिले मुलुकको अर्थतन्त्र जुन संकटबाट गुज्रिरहेको छ, त्यसको एकमात्र ओखती औद्योगिकीकरण नै हो । सधैंभरि वैदेशिक रोजगारीको 'रेमिटचान्स'मा मात्रै टिकेर र उपभोग्य वस्तुको अनियन्त्रित आयात गरेर आत्मनिर्भरताको खोक्रो गफ हाँक्नुको अब कुनै अर्थ छैन । मुलुकको व्यापार घाटा चुलिँदो छ भने स्वदेशमा रोजगारी नपाएर दैनिक हजारौं युवाहरू बाहिरिन बाध्य छन् । युवाहरूलाई देशमै रोक्ने र रोजगारीका अवसर सिर्जना गर्ने सरकारको नीति केवल भाषणमामात्र सीमित छ । सरकारले यदि साँच्चै युवालाई स्वदेशमै रोजगारी दिने र अर्थतन्त्रलाई उत्पादनमुखी बनाउने हो भने बन्द अवस्थामा रहेका सरकारी उद्योगहरूलाई नयाँ प्रविधि, कुशल व्यवस्थापन र पर्याप्त पुँजीसहित ब्युँताउनुको विकल्प छैन ।

अब सरकारले गफ र सस्तो लोकप्रियताका लागि आश्वासन बाँड्ने काम बन्द गर्नुपर्छ । हेटौंडा सिमेन्टलगायतका रुग्ण उद्योगहरूलाई चलाउने हो भने तत्काल विज्ञहरूको टोलीमार्फत प्राविधिक र आर्थिक सम्भाव्यताको पुनर्मूल्यांकन गरियोस् । निजी क्षेत्रसँगको साझेदारी वा पूर्ण सरकारी पुनर्संरचना के गर्ने हो, त्यसको स्पष्ट खाकासहितको ठोस कार्ययोजना तत्काल सार्वजनिक गरिनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा सरकारले ल्याउने आगामी बजेटमा नै यी उद्योगहरूको पुनरुत्थानका लागि आवश्यक र पर्याप्त बजेटको ग्यारेण्टी गरिनु आवश्यक छ । कार्ययोजना र बजेटविनाको प्रतिबद्धता केवल राजनीतिक दाउपेचमात्र ठहरिने छ । मुलुकलाई अब आश्वासनका शब्दहरू होइन, भुइँमा देखिने उद्योग र तिनले सिर्जना गर्ने रोजगारी चाहिएको छ ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं-कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं-रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# उच्च रक्तचापको समस्या



❑ डा. मिलनप्रकाश श्रेष्ठ

उच्च रक्तचाप सुन्दा सामान्य लागे पनि यसले गर्ने भयानक असरबारे मानिसमा पर्याप्त जानकारी नभएकाले होला, खासै महत्त्व दिएको पाइँदैन । यसले उच्च रक्तचापले गर्ने दुर्घटना प्रत्यक्ष देखेका हुन्छन्, भोगेका हुन्छन्, उनीहरूले मात्रै उच्च रक्तचाप यस्तो रहेछ भनेर आत्मसात् गरेका हुन्छन् । उच्च रक्तचापको औषधि खायो भने यस्तो हुन्छ रे, जिन्दगीभरि खानुपर्छ रे, 'साइड-इफेक्ट' गर्छ रे भन्ने धेरै किसिमका भनाइ सुनिन्छन् तर औषधि नखाई सधैं उच्च रक्तचाप लिएर हिँड्दा के के खतरा हुन्छ भन्ने धेरैले विचार गरेको देखिँदैन ।

### लक्षणविनाको उच्च रक्तचाप

उच्च रक्तचाप भएका बिरामी सबैलाई लक्षण देखिनैपर्छ भन्ने छैन । कसैलाई १५० पुग्नासाथै टाउको दुख्ने, रिँगटा लाग्ने भएर आइपुग्छन् भने कोही कोहीमा माथिको (सिस्टोलिक) प्रेसर २५० पुग्दा पनि कुनै लक्षण नदेखिने हुनसक्छ । बिरामी अन्य कुनै कारणका लागि प्रेसर जाँच गर्दा उच्च देखिएपछि डाक्टर कहाँ पुग्छन् । कतिपय अवस्थामा रक्तचाप उच्च भएर पनि लक्षण नदेखिनु भनेको लक्षण देखिने रक्तचापभन्दा खतरनाक हुनसक्छ । यस अर्थमा कि लक्षण नदेखिँदा आफूलाई सबै ठिकै छ, म स्वस्थ छु भन्ने पर्छ र कुनै बेला त्यही रक्तचापले ठूलै समस्या गराउन सक्छ ।

केही लक्षण नदेखिए पनि निरन्तर उच्च रक्तचापले शरीरका अंगहरू विशेषगरी मुटु, मिर्गौला, आँखा र मस्तिष्कमा पुऱ्याउने क्षति पुऱ्याई नै रहेको हुन्छ । रक्तचाप उच्च भएर पनि लक्षण नदेखिने बिरामी नै एकैचोटि हृदयाघात, मस्तिष्कघात भइसकेको अवस्थामा पनि आउने गरेको भेटिएको छ । त्यसैले आफ्नो उच्च रक्तचाप समय-समयमा देखाइरहनु आवश्यक छ । साथै रक्तचाप उच्च भएर लक्षण नदेखिए पनि भविष्यमा हुनसक्ने क्षतिबाट बच्न औषधि सेवन आवश्यक छ ।

### औषधि सुरू गर्न हिच्किचाहट

उच्च रक्तचापले गर्नसक्ने खतराबारे आवश्यक ज्ञान नभएकाले नै होला उच्च रक्तचापको औषधि भनेपछि हिच्किचाइहाल्छन् । उच्च रक्तचाप त्यति धेरै उच्च नभएको अवस्थामा, पहिलोपल्ट देखिएको उच्च रक्तचाप, तथा शरीरका अंगहरूमा क्षति नपुगिसकेको अवस्थामा केही महिना औषधि नखाई अन्य उपाय अवलम्बन गरेर उच्च रक्तचाप घटाउन कोसिस गर्न सकिन्छ । तर यी उपायहरू अपनाउँदा पनि उच्च रक्तचाप उच्चै रहिरहेमा औषधि सुरु गर्न धेरै ढिला गर्नु हुँदैन ।

उच्च रक्तचापको औषधिको मुख्य काम उच्च रक्तचापलाई नियन्त्रणभित्र राख्नु हो । उच्च रक्तचापलाई नियन्त्रणभित्र राखेर शरीरका अन्य अंगहरूमा क्षति पुग्नबाट यसले बचाइराखेको हुन्छ । नियमित औषधि सेवन गर्दै जाँदा र चिकित्सकको सल्लाहबमोजिम खानामा परहेज, नियमित व्यायाम आदि गर्दै गएमा कुनै समय उच्च रक्तचाप घट्दै पनि जानसक्छ । बारम्बार नाप्दा पनि आवश्यकभन्दा घट्दै गएको पाइएमा चिकित्सकको सल्लाह लिएर खाने औषधिको मात्रा कम वा औषधि नै बन्द पनि गर्न सकिन्छ ।

### औषधि खाएपछि 'साइड-इफेक्ट' गरिहाल्छ भन्ने भ्रम

साइड-इफेक्ट सबै औषधिको हुन्छ । उच्च रक्तचापका औषधिहरूको पनि आफ्नै किसिमका साइड इफेक्टहरू छन् । तर ती सबै साइड इफेक्टहरू सधैं सबैलाई हुने सम्भावनामात्रै हो, हुन्छ नै भन्ने होइन । कुनै साइड-इफेक्ट छोटो समयमै देखापर्छन् भने कुनै २०-३० वर्षको लगातार औषधि सेवनपछि देखिन्छन् । डाक्टरको सम्पर्कमा बसेर डाक्टरको सल्लाहअनुसार नियमित चेक जाँच गरिरहेमा साइड इफेक्टहरू हुन थालेमा तुरुन्तै पत्ता लाग्छ ।

साइड-इफेक्ट भएको थाहा पाएमा औषधि अदलबदल गरेर साइड-इफेक्टले गर्ने क्षतिबाट बच्न सकिन्छ । तर साइड-इफेक्ट गर्छ भनेर औषधि सुरु नगरी सधैं उच्च रक्तचाप लिएर बस्दा प्यारालाइसिस, हृदयाघात हुने, मिर्गौला कामै नलाग्ने अवस्थामा पुग्ने, आँखाको ज्योति गुम्नेजस्ता भयानक असरहरू हुनसक्छन् जुन असरहरूको तुलनामा औषधिको साइड-इफेक्टहरू केही होइनन् ।

उच्च रक्तचापका कुनै औषधि खाँदा खुट्टा सुन्निने समस्या हुनसक्छ । कुनैले मुटुको ढुकढुकी बढाउन सक्छ । कुनैले ढुकढुकी चाहिनेभन्दा कम गराउन सक्छ । उच्च रक्तचापकै कुनै औषधिले सुक्खा खोकी लाग्ने गर्छ । कुनै औषधि सुरु गरेपछि पहिले नहुने स्वाँ..स्वाँ.. सुरु भएको हुनसक्छ । कुनै औषधिले मिर्गौलामा असर पार्न पनि सक्छ । एक किसिमको औषधिले लोग्ने मानिसको लिंगको उत्तेजनामा कमी, यौन इच्छामा कमी आउने आदि समस्या गराउन सक्छ । उच्च रक्तचापको औषधि सुरु गरेपछि पहिले नभएको समस्या देखापरेजस्तो लागे आफ्नो डाक्टरसँग सम्पर्क राखिहाल्नुपर्छ । यो साइड-इफेक्ट औषधि खानासाथै सबैलाई सधैं हुने कुरा होइन ।

औषधि सुरु गर्दा नभएका लक्षणहरू पछि सुरु भएमा आफ्नो चिकित्सककहाँ तुरुन्तै सम्पर्क राखिहाल्नुपर्छ । त्यसैले उच्च रक्तचापको औषधि विशेषज्ञ डाक्टरसँग परीक्षण गरेरमात्र सुरु गर्नुपर्छ । कुनै परीक्षण नगराई मेडिकलबाट सीधै किनेर खाने बानी गर्नु हुँदैन । साथै औषधि सुरु गरेपछि उच्च रक्तचाप ठीकै रहिरहे पनि तथा शारीरिक, मानसिकरूपमा ठीकै लागे पनि कम्तीमा १५ दिनमा एकचोटि उच्च रक्तचाप नाप्ने बानी बसाल्नैपर्छ र डाक्टरसँग कम्तीमा तीन महिना र बढीमा छ महिनामा एकचोटि भेट्नैपर्छ ।

### अपनाउनुपर्ने सावधानी

उच्च रक्तचाप बढाउनुमा धूमपान तथा रक्सीको पनि उत्तिकै योगदान रहन्छ । उच्च रक्तचाप भएका व्यक्तिहरूले कुनै पनि किसिमको नशाको सेवन गर्नु हुँदैन । यस्ता वस्तुले उच्च रक्तचापलाई नियन्त्रणमा राख्न गाह्रो हुने, एकभन्दा बढी औषधिको सेवन गर्नुपर्ने अवस्था निम्त्याउँछ । उच्च रक्तचाप नियन्त्रणका लागि चलाइने औषधि मानिसको शारीरिक बनावट, वजन, साथमा रहेको अरू समस्या, खानपान, उसले गर्ने शारीरिक व्यायाम आदिमा भर पर्छ । त्यसैले कसैलाई एउटा औषधिको सानो डोजमात्र खाए पुग्छ भने कसैलाई दुई-तीनवटा त्यो पनि दिनको दुईपटक वा बढी पनि खानुपर्ने पनि हुनसक्छ । उच्च रक्तचापको औषधि कति मात्राको खाने भन्ने कुरा मानिस मानिसमा निर्भर गर्छ ।

विशेषगरी घरमा एक्लै बस्ने, कम पढेलेखेका, नपढेका बिरामीमा तथा उच्च रक्तचापका साथै अन्य समस्याको पनि औषधि खाने बिरामीमा यो समस्या देखिन्छ । एउटाभन्दा धेरै गोली खानुपरेको अवस्थामा यस्ता बिरामी झुक्किएर एउटा खानुपर्नेमा दुईपटक खाएको, खानुपर्नेचाहिँ नखाएको, राति खानुपर्ने बिहान खाएको, खानापछि खानुपर्ने अगाडि खाएको आदि समस्या सामान्य हुन् । अझ कति त औषधि सकिएपछि ल्याइदिने मान्छे नभएको भनेर औषधि खानै बन्द गरेर पनि आउँछन् । यसको कारण रक्तचाप अनियन्त्रित भइदिन्छ र कतिपय अवस्थामा प्यारालाइसिस, हृदयाघात भएको अवस्थामा पनि बिरामी आउँछन् । यस्तो कुरामा घरमा भएका पढेलेखेका मानिसहरूको गहन जिम्मेवारी हुन्छ । त्यस्ता बिरामीहरूलाई नामभन्दा पनि औषधिको आकार, रङ तथा साइजको जानकारी बढी हुन्छ । एकभन्दा बढी औषधि खानुपरेको अवस्थामा हरेक औषधिलाई छुट्टाछुट्टै सानो सानो बट्टामा राखेर यो बट्टाको यतिखेर खाने भनेर बुझाउने गरेमा गल्ती हुने समस्या कम हुन्थ्यो कि ?

### मानसिक तनावको व्यवस्थापन

मानसिक समस्याको व्यवस्थापन स्वस्थ जीवनका लागि एकदमै महत्त्वपूर्ण मानिन्छ । अत्यधिक तनावमा काम गर्ने, ढिलो सुत्ने, पर्याप्त निद्रा नपुग्ने व्यक्तिहरूमा हृदयाघातसम्म पनि हुने गरेको छ । व्यस्त कार्यशैली हुनेहरूमा यस्ता समस्याहरू प्रशस्तै देखिन्छ । उनीहरूको कामको कुनै समय नै हुँदैन ।

सधैं तनावपूर्ण वातावरण, आरामको कमी, शारीरिक व्यायामको कमी, अव्यवस्थित खानपान, नियमित स्वास्थ्य जाँचको कमी आदि भएपछि यसैगरी, व्यक्तिहरूमा उच्च रक्तचाप, मधुमेहको समस्या देखापर्दछ । यसले गर्दा पछि गएर हृदयाघात, पक्षघातजस्ता भयानक समस्या भोग्नुपर्दछ । धेरैजसो व्यापारी पढेलेखेकै हुन्छन्, स्वास्थ्यमा नराम्रो असर परिरहेको छ भन्ने पनि थाहा हुन्छ तर पनि परीक्षणका लागि समय छुट्याउन सक्दैनन् ।

### डाक्टरसँग नियमित 'फलोअप' नगर्ने बानी

धेरै बिरामी औषधि सुरु गरेपछि शरीर आराम भएको महसुस भएपछि नियमित औषधि त खान्छन् तर डाक्टरसँग वर्षौंसम्म परीक्षण गराउँदैनन् न त फेरि फेरि रक्तचाप जचाएरै हेर्छन् । कारण सोध्दा औषधि सुरु गरेपछि आफूलाई आराम भएको, कुनै नयाँ समस्या नआएको, घर टाढा भएर आउने मौका नपाएको जस्ता कुराहरू गर्छन् ।

माथि भनिएजस्तै उच्च रक्तचाप आफैंले शरीरका विभिन्न अंगहरूमा असर पुऱ्याइरहेको हुन्छ । त्यसमाथि नियमित औषधि खानेहरूलाई औषधिको साइडइफेक्ट पनि हुनसक्ने सम्भावना रहन्छ । आफूलाई केही गाह्रो नभए पनि डाक्टरसँग नियमित कम्तीमा छ महिनामा एकचोटि चेकजाँच गराउने गरेमा शरीरमा कुनै किसिमको हानिनोक्सानी हुन लागेको भएमा तुरुन्तै पत्ता लाग्छ र भविष्यमा हुनसक्ने क्षतिबाट जोगिन सकिन्छ ।

कति बिरामीहरू औषधि नखाने तर करेला, मेथी, निमको पात, घिउकुमारी खाने, आयुर्वेदिक उपाय गर्ने, योगा, ध्यान गरेरै प्रेसर ठीक पार्छु भनेर अड्डी कस्छन् । यसमा म के भन्छु भने जसरी हुन्छ, रक्तचाप नियन्त्रणमा आउनुपऱ्यो । माथि उल्लिखित सबै कुरा गर्दा कुनै नकारात्मक असर त पर्दैन । तर यी सबै पनि गर्नुस्, उच्च रक्तचाप नाप्दै पनि गर्नुस्, यस्ता कुराहरूले उच्च रक्तचाप नियन्त्रण भएन भने औषधि त खानैपर्छ ।

### गुगल गर्ने बानी

एउटा वर्गको मानिसहरूमा जे पनि इन्टरनेटमा पढेर सम्पूर्ण जानकारी लिने प्रवृत्ति हुन्छ । यसो गर्नु एक किसिमले राम्रो पनि हो तर पूर्ण कुरा प्रस्ट नबुझिएको खण्डमा यसको नकारात्मक असर पनि पर्दछ । कुनै रोगका बारेमा पढ्दै जाँदा कतिपय प्राविधिक शब्दहरू, मेडिकल भाषा सबैले प्रस्ट बुझ्ने कुरै भएन । अनि यो भनेको यसो होला भन्दै अनुमानित अर्थ लगाउँदै बस्ने अनि त्यस विषयमा लेखिएका कुनै रोगका लक्षणहरू आफैंलाई भएको जस्तो लाग्ने, म त ज्यादै रोगी भएछु भन्ने मनस्थितिको विकास हुने, अब म मर्छु भन्ने जस्ता निराशावादी सोचको विकास हुनेजस्ता समस्या पनि भएको पाइएको छ । इन्टरनेटमा लेखिएका कुराहरू प्रस्ट बुझ्ने क्षमता पनि हुनुपर्छ । कुनै कुरा नबुझे सम्बन्धित चिकित्सकसँग परामर्श गर्नुपर्छ । हैन भने यस्तो सामग्री नपढ्नु नै राम्रो हुन्छ ।

उच्च रक्तचापको नकारात्मक असरहरूबाट बच्न मानिस आफ्नो स्वास्थ्यको कुरामा अझ बढी सचेत हुन जरुरी छ । साधारणतया उमेर ४० वर्षको वरिपरि पुगेपछि यदि भविष्यमा स्वस्थ भएर बाँच्ने, लामो समय बाँच्ने हो भने विशेषगरी केही कुराहरू, दैनिक स्वस्थ खाना खाने, रक्सी चुरोट, सुर्ती तथा कुनै नशा सेवन नगर्ने, नियमित शारीरिक व्यायाम गर्ने तथा मानसिक तनावबाट टाढा रहने आदि कुराहरू पालना गर्नैपर्ने देखिन्छ किनकि उमेरले ४० छोएपछि मानिसलाई धेरै रोगले छुन थाल्दछ । *रासस*

*(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन्)*






✍ बैकुण्ठ भण्डारी

# यस्तो होस् बालेन बजेट !

सुन्ताखान माथि तारेभिर गाउँ । गाउँमा दुई जना व्यक्ति निकै चर्चित थिए । एक मटचांग्रो र अर्को बैरी । उनीहरू नेताभन्दा कम बोल्दैनथे र रेडियोभन्दा बढी समाचार सुनाउँथे । गाउँलेहरू भन्थे, 'यी दुईलाई एकै ठाउँ राख्यो भने संसद् बैठक बस्छ ।'

मटचांग्रो दुब्लो-पातलो, लामा कान भएको, पुरानो टोपी लगाउने किसान थियो । बैरी भने अलिक मोटो, पेट अगाडि र विचार झन् अगाडि हुने खालको । बैरीले कहिल्यै पत्रिका किन्दैनथ्यो । अनलाइन पनि हेर्दैनथ्यो तर गाउँका सबै खबर थाहा हुन्थ्यो । कसैले सोध्यो भने भन्थ्यो, 'हावा चल्यो भने समाचार आफैं कानमा ठोक्किन्छ ।

त्यो दिन बिहान गाउँको चौतारोको छेउमा रहेको चिया पसलमा मटचांग्रो र बैरी भेटिए । पसले धनबहादुरले रेडियो ठूलो स्वरमा बजाइरहेको थियो । 'सरकारले आगामी जेठ १५ गते नयाँ बजेट ल्याउने तयारी अन्तिम चरणमा पुगेको छ ।'यति सुन्नासाथ बैरीले चियाको गिलास टेबलमा राख्यो ।'ए मटचांग्रो ! यो बालेन सरकारले गरिब किसानका लागि कस्तो बजेट ल्याउला ?' मटचांग्रोले गम्भीर अनुहार बनायो, 'मलाई त आशा छ ।'

बैरी छक्क पर्दै भन्यो, 'किन ?'

'किनभने धेरै दिनदेखि कोठाभित्र मौन बसेका छन् रे ।'बैरी झन् अचम्ममा पऱ्यो । 'मौन बस्दा बजेट राम्रो हुन्छ र ?'मटचांग्रोले आँखा चिम्लियो ।'हेर बैरी, मौन बस्ने मानिस दुई किसिमका हुन्छन् । एकथरी रिसाएका, अर्कोथरी काम गरिरहेका । मलाई लाग्छ यिनीहरू काम गरिरहेका होलान् ।'

बैरीले टाउको कन्यायो ।

'अरूले त हल्ला गर्थे । पार्टीनिकट पत्रकार संगठनहरूलाई बोलाएर अनेकौं लेख्न लगाउँथे,' मटचांग्रोले मुसुक्क हाँस्यो ।'यिनले चुपचाप जनताको मन जित्ने बजेट तयार गरे होलान् ।'त्यत्तिकैमा चिया पसलतिर गाउँका विद्यालय शिक्षक टीकाराम आए । 'के कुरा चल्दै छ ?'

बैरीले भन्यो, 'देश बचाउने योजना ।'

टीकाराम हाँसे ।'तिमीहरूले देश बचाउने भए अब प्रधानमन्त्री बेरोजगार हुने भए ।'

मटचांग्रोले भन्यो, 'हामी बजेटको कुरा गर्दै छौं ।'टीकाराम पनि बसे । 'ल भन्नु त किसानका लागि के बजेट आउला ?' बैरीले तुरुन्त भन्यो, 'मलाई त मलको लाइन हटाउने बजेट चाहियो ।'मटचांग्रोले थप्यो, 'मलाई सिँचाइ चाहियो ।' टीकारामले भने, 'मलाई शिक्षा ।'

त्यसैबेला आइपुगिन् आमा समूहकी अध्यक्ष टंककला । उनले भनिन्, 'ए... के हो ? बिहानै संसद् चल्यो ?'बैरीले हाँस्दै भन्यो, 'देशको बजेट तयार गर्दै छौं ।'टंककलाले भनिन्, 'त्यसो भए महिलाका कुरा पनि राख्नुपर्छ ।'

बैरीले सोध्यो, 'के चाहियो त ?'

'स्वास्थ्य सेवा । गाउँमा बिरामी भयो भने अस्पताल पुग्दा आधा रोग बाटोमै बढ्छ,' टंककलाले भनिन् । मटचांग्रोले सहमति जनायो । 'ठीकै हो ।' बैरी अचानक निकै गम्भीर बन्यो । 'तर अर्थमन्त्रीले त पढ्ने काम गर्छन् ।'

सबैले हेरे । 'कस्तो पढ्ने ?'

'बजेट पढ्ने,' मटचांग्रो हाँस्न थाल्यो ।

'त्यो त संसद्मा पढ्ने काममात्र हो,' बैरी झन् तर्क गर्न थाल्यो, 'अनि भत्ता लिने हो । देश बनाउने त प्रधानमन्त्रीले हो जस-अपजस लिनुपर्ने प्रधानमन्त्री भएपछि, अर्थमन्त्रीको काम भनेकै प्रधानमन्त्रीको निर्देशनमा बनाएको बजेट पढ्ने, भत्ता लिने !'चिया पसले धनबहादुर पनि सुन्दै थियो । उसले भन्यो, 'तिम्रो हिसाबले त भैंसी दुहाउने मान्छे मालिक होइन, दूध बेच्ने मालिक पो भएछ ।'

सबै हाँस्न थाले । बैरीले अझै उत्साहित भएर भन्यो, 'म जे भन्छु ठीकै भन्छु । प्रधानमन्त्रीले चुपचाप जनताका लागि बजेट बनाउन लागेका होलान् ।'मटचांग्रोले टाउको हल्लायो । 'हो, शिक्षा, स्वास्थ्य र रोजगारीका लागि बजेट आउनुपर्छ ।'टीकाराम शिक्षकको जोश बढ्यो, 'विद्यालयमा कम्प्युटर आउनुपर्छ । बच्चाले किताबमात्र होइन, सीप पनि सिक्नुपर्छ ।' बुक फ्रि फाइडेलाई सबैतिर लैजानुपर्छ । अनि उनी पालिकामा भएका बेला स्कुल-स्कुलमा डिजिटल बोर्ड बाँडेजस्तै देशैभरि बाँड्नुपर्छ ।

टंककलाले थपिन्, 'अस्पतालमा औषधि हुनुपर्छ ।' मटचांग्रोले भन्यो, 'किसानलाई मल, बीउ, बजार त अनिवार्य नै हुनु पर्छ नि ।'बैरीलाई के भयो कुन्नि निराशजस्तै देखियो । उनले भन्यो, 'उत्पादन बढाएर देशलाई आत्मनिर्भर बनाउनुपर्छ । गाउँको अन्नबाली सहर पुऱ्याउनुपर्छ । उ बेला पारिको तरकारी नखाऊ पहाडको तरकारी खाउँ भनेर भाषण गरेका हैनन् ?'

त्यसै बेला गाउँका बेरोजगार सन्तोष कार्की आइपुग्छ । र, सोध्छ, 'के कुरा हुँदै छ ?'मटचांग्रोले भन्यो, 'हामी त अब जेन-जी देश बनाउने तयारी गर्दै छौं ।'सन्तोषले हाँस्दै भन्यो, 'पहिला मलाई जागिरे बनाइदेऊ अनि देश बनाउला ।'

बैरीले सोध्यो, 'तँ के गर्न सक्छस् ?'

'जे भन्यो त्यही ।'

'खेती गर्छस् ?'

'त्यो त गर्दिनँ, घाम लाग्छ ।'

'चुरोट कारखाना खोल्ने रे काम गर्छस् ?'

'अहँ त्या पनि धूलो लाग्छ ।'

'गाउँपालिकाले सीप मेलाबाट उद्यम गर्न सिकाउँदै छ त ? उद्योग खोल्ने त ?'

'अहँ त्यो त झन् गर्दै गर्दिनँ नोक्सानी हुन्छ ।'

मटचांग्रोले भन्यो, 'अनि के गर्न सक्छस् ?'

सन्तोषले गर्वका साथ भन्यो, 'मोबाइल चलाउन सक्छु । टिकटक इन्स्टाग्राम, रिल सबै बनाउन सक्छु ।'बैरीले भन्यो, 'तँ जस्तै देशका आधा बेरोजगार यही योग्यता लिएर बसिरहेका छन् ।' सबै फेरि हाँसे । टीकारामले गम्भीर हुँदै भने, 'साँचो कुरा के हो भने मुलुक बनाउन रोजगार सिर्जना हुनुपर्छ ।'

टंककलाले भनिन्, 'हो नि, अब कोही पनि विदेश जानु नपर्ने अवस्था बनाउनुपर्छ ।' मटचांग्रोले आकाशतिर हेर्दै भन्यो, 'हाम्रो गाउँका धेरै युवा विदेश गए । खेत बाँझो भयो ।' केही बेर सबै चुप लागे । त्यही बेला बैरी फेरि बोल्यो, 'तर एउटा कुरा मलाई डर लाग्छ । बजेट भाषण धेरै लामो भयो भने ?'

सबैले सोधे, 'किन ?'

बैरीले लामो सास फेर्दै भन्यो, 'पोहोर साल मोबाइलमा बजेट हेर्दाहेर्दै निदाएछु ।' मटचांग्रोले भन्यो, 'हामीलाई भाषण लामो भए मतलब छैन । जनताको हितमा आए पुग्यो ।'

बैरीले बोल्यो, 'सही कुरा ।'

टीकारामले थपे, 'कागजमामात्र होइन व्यवहारमा पनि देखिनुपर्छ ।'टंककलाले भनिन्, 'गाउँको गरिबको भान्सासम्म पुग्नुपर्छ ।'सन्तोषले भन्यो, 'मैले जागिर पाउनुपर्छ ।'

सबै फेरि हाँसे ।

मटचांग्रोले अन्तिम कुरा भन्दै फेरि बोल्यो, 'हेर बैरी, सरकार जो आए पनि जनताको अपेक्षा एउटै हुन्छ । किसानले आफ्नो पसिनाको मूल्य पाओस्, बिरामीले उपचार पाओस्, बच्चाले राम्रो शिक्षा पाओस्, युवाले काम पाओस् ।' बैरीले टाउको हल्लायो । 'अनि बजेट कागजमा होइन, खेतमा उम्रियोस् ।'टंककलाले थपिन्, 'अस्पतालमा औषधि पाइयोस् ।'टीकारामले भने, 'विद्यालय उज्यालो बनोस् ।'

सन्तोषले भन्यो, 'अनि मेरो खातामा तलब आओस् ।'सबै यति जोडले हाँसे कि चौताराको रुखमा बसेको काग पनि तर्सिएर उड्यो ।

बैरीले आकाशतिर हेरेर भन्यो, 'हे भगवान् ! यस्तो बजेट ल्याउने शक्ति देऊ, किसानले मल खोज्दै लाइन नबसोस्, विद्यार्थीले किताब खोज्दै नरोओस्, बिरामीले अस्पतालमा उपचार गर्दा गर्दै घरबारविहीन भएर पैसा खोज्दै नदौडियोस्, र मेरो साथी मटचांग्रोले ऋण खोज्दै गाउँ नघुमोस् ।'

चौतारोमा भएका सबै गलल्ल हाँसे !



संग्रहालय अवलोकन | गोरखा जिल्लाको सदरमुकाममा रहेको गोरखा दरबार संग्रहालय अवलोकन गर्दै पर्यटक । *तस्बिरः रासस*

### लुम्बिनीको नीति तथा कार्यक्रम

# सुशासन, आर्थिक समृद्धि र प्रशासनिक सुधार प्राथमिकता

**लुम्बिनी–** लुम्बिनी प्रदेश सरकारले सुशासन, आर्थिक समृद्धि र प्रशासनिक सुधारलाई केन्द्रविन्दुमा राखेर नयाँ योजनाहरू अघि सारेको छ । प्रदेश सरकारले सोमबार प्रदेशसभामा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा प्रशासनिक सुधारको कामलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले प्रदेशसभाको आठौं अधिवेशनको छैटौं बैठकमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् ।

## मन्त्रालयको संख्या १२ बाट घटाएर आठ बनाइने

नीति तथा कार्यक्रमको सबैभन्दा ठूलो प्रशासनिक सुधारअन्तर्गत लुम्बिनी प्रदेश सरकारले हाल कायम रहेका १२ मन्त्रालयलाई पुनर्संरचना गर्ने घोषणा गरेको छ। आगामी २०८३ साउन १ गतेदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित जम्मा आठ वटा मन्त्रालयमात्र कायम गरिने नीति लिइएको छ। सरकारको काम कारबाहीलाई चुस्त, मितव्ययी र प्रभावकारी बनाउन यो कदम चालिएको हो ।

## एक पालिका एक रैथाने बाली

कृषिको आधुनिकीकरण र व्यावसायिकरणका लागि प्रादेशिक कृषि ऐनको तर्जुमा गरिने भएको छ । मानव स्वास्थ्य र पोषण सुरक्षाका लागि स्थानीय तहसँगको सहकार्यमा एक पालिका एक अर्ग्यानिक/रैथाने बाली उत्पादनको नीति अवलम्बन गरिने नीति तथा कायक्रममा उल्लेख छ ।

यसैगरी, कृषि उत्पादनमा आत्मनिर्भरता बढाउन प्रदेशका विभिन्न जिल्लामा विशिष्टीकृत स्रोत केन्द्रहरू स्थापना गरिने बताइएको छ । नीति तथा कार्यक्रममा कपिलवस्तुमा प्रादेशिक वागवानी स्रोत केन्द्र, अर्घाखाँचीमा बाख्रा स्रोत केन्द्र, गुल्मीमा पहाडी फलफूल स्रोत केन्द्र, प्यूठानमा तरकारी बीउ स्रोत केन्द्र र रुकुम पूर्वमा आलु बीउ स्रोत केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइने उल्लेख छ ।

सीमान्तकृत, विपन्न, मुक्तकमैया, मुक्तकम्लहरी, भूमिहीन, दलित लगायतका समुदायको जीवनस्तर सुधार गर्न रोजगारी तथा आयआर्जन अभिवृद्धि हुनेगरी बगर खेती, सामूहिक खेती तथा पशुपन्छीपालन लगायतका लक्षित समुदाय विशेष कृषि कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

'आजको सहुलियत, भोलिको समृद्धि' भन्ने मूल मर्मका साथ सुलभ कर्जा तथा ब्याजमा अनुदान कार्यक्रमलाई थप सरलीकृत गरी जिल्लास्थित कार्यालयबाटै कृषि बाली वस्तु क्षेत्रमा ब्याज अनुदान उपलब्ध गराइने, प्रदेशस्थित हुलाकी मार्ग आसपासका क्षेत्रमा मासु र दुग्धजन्य उत्पादन वृद्धिका लागि भैंसी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको



छ । कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी राजमार्ग, सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक, गोरुसिंगे-सन्धिखर्क सडक, दाङ-प्युठान सडक, चकचके-रोल्पा सडक, सहिद मार्ग र पूर्व-पश्चिम राजमार्गहरूको आसपासका लुम्बिनी प्रदेशभित्रका सम्भाव्य क्षेत्रमा अलैंचीलगायत उच्च मूल्यका बाली वस्तुको पहिचान गरी उत्पादन तथा बजारीकरणका कार्यक्रम सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिने उल्लेख छ ।

## डिजिटल लुम्बिनी र उद्यमशील लुम्बिनी अभियान

प्रदेश सरकारले उद्यमशील लुम्बिनी र डिजिटल लुम्बिनी अभियानलाई रूपान्तरणकारी कार्यक्रमका रूपमा सञ्चालन गर्ने भएको छ। वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि र अन्य उद्यममा आकर्षित गर्न प्रविधि र स्टार्टअप सहयोगसहितका कार्यक्रम ल्याइने उल्लेख छ। महिलाहरूलाई आर्थिकरूपमा सक्षम बनाउन लुम्बिनीका महिलाः उद्यमशीलतामा पहिला कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

## एकीकृत पर्यटन डिजिटल प्रचार

नेपाल सरकारले घोषणा गरेको 'भिजिट नेपाल २०८५' बाट लाभ लिन एकीकृत पर्यटन डिजिटल प्लेटफर्ममार्फत प्रचारप्रसार गरिने प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ । प्रदेशको पर्यटन विकासका लागि लुम्बिनी, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोडेर सिल्भर ट्रिंगलका रूपमा विकास गरिने नवीन योजना अघि सारिएको छ । साथै, साहसिक पर्यटनका लागि रोल्पा र रुकुम पूर्वको पुथा हिमालमा बेसक्याम्प र पदमार्ग निर्माण गरिने कार्यक्रम अघि सारिएको छ। कोइलाबासदेखि गोरक्षरत्ननाथ मन्दिर हुँदै स्वर्गद्वारीसम्म धार्मिक तथा सांस्कृतिक पथको रूपमा विकास गरिने, लुम्बिनीदेखि मुक्तिनाथसम्म धार्मिक परिपथका रूपमा प्रवर्द्धन गरिने उल्लेख छ ।

## पूर्वाधार र सामाजिक सुरक्षा

पूर्वाधारतर्फ अधुरा आयोजनाहरूलाई छिटो सम्पन्न गर्न 'अधुराः गर पूरा' को नीति लिइने बताइएको छ। प्रदेश सरकारले सुरु गरेका सघन खानेपानी विकास कार्यक्रमलाई उच्च प्राथमिकता दिँदै 'एक घरः एक धारा' को संकल्प कार्यान्वयन गरिने, खानेपानीको क्षेत्रमा बजेट विनियोजन गर्दा 'अधुराः गर पूरा' को नीति अवलम्बन गरी ८० प्रतिशत कार्य सम्पन्न भइसकेका आयोजनालाई उच्च प्राथमिकतामा राखी पूरा गर्ने कार्य अघि बढाइने नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेको छ ।

लुम्बिनी प्रदेशका पहाडी जिल्लाहरूका प्रमुख आर्थिक केन्द्रहरूलाई समेटी गण्डकी र कर्णाली प्रदेशलाई समेत जोड्ने प्रदेश गौरवको आयोजनाको रूपमा रहेको रामपुर-कपुरकोट सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्यलाई निरन्तरता दिइने उल्लेख छ । झोलुंगे पुल निर्माण कार्यलाई प्राथमिकतामा राख्ने, १२० मिटरभन्दा छोटा झोलुंगे पुल निर्माण गर्न स्थानीय तहलाई प्राविधिक सहायता उपलब्ध गराइने योजना नीति तथा कार्यक्रममा समेटिएको छ ।

वर्षे पानी संकलनका लागि स्थानीय तहसँगको समन्वयमा कृत्रिम पोखरी, पुराना ताल तथा पोखरीको निर्माण र संरक्षण गर्न 'एक वडा एक पोखरी' कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिने, पहाडका जिल्लामा छरिएर रहेका बस्तीलाई एकीकृत गर्न र बसाइँसराइलाई निरुत्साहित गर्न घनाबस्ती र सहरोन्मुख क्षेत्रहरूमा बस्ती विकास तथा सहरी पूर्वाधार निर्माण कार्य विस्तार गर्दै लगिने, एक जिल्ला, एक नमूना बस्ती कार्यक्रमअन्तर्गत प्रदेशका प्रत्येक जिल्लामा कम्तीमा एउटा नमूना बस्ती विकासका लागि स्थानीय तहसँगको सहकार्य तथा साझेदारीमा सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिने उल्लेख छ ।

वन्यजन्तुबाट हुने सबै प्रकारका क्षतिका लागि राहत वितरण र बाली बिमा कार्यक्रमलाई निरन्तरता दिइने, घाइते र बिरामी वन्यजन्तुको संरक्षण गर्न उद्धार केन्द्र सञ्चालनमा ल्याई उद्धार एम्बुलेन्स सेवा सुरु गरिने उल्लेख छ। दलित, जनजाति, अपांगता भएका, विपन्न तथा सीमान्तकृत समुदायको शिक्षामा पहुँच सुनिश्चित गर्दै सामुदायिक विद्यालय सुदृढीकरणका लागि 'मेरो विद्यालय, मेरो दायित्व' अभियान विस्तार गरिने, प्राविधिक तथा उच्च शिक्षाको विकाससँगै लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई उत्कृष्ट केन्द्रका रूपमा विकास गरिने नीति लिइने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिको संरक्षण र सशक्तीकरणका कार्यक्रमलाई निरन्तरता दिइने योजना छ । साथै, सीपमूलक रोजगारी प्रवर्द्धनका लागि प्रदेशभर स्किल्स म्यापिङ सुरु गरिने र सामाजिक रूपले पछाडि परेका समुदायका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।

## स्वास्थ्यमा प्राथमिकता

सुरक्षित मातृत्व अभियानलाई निरन्तरता दिँदै दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स र हवाई उद्धार सेवा सञ्चालन गर्ने भएको छ । सुरक्षित प्रसूति सेवा विस्तार, ग्रामीण अल्ट्रासाउण्ड सेवा तथा जनसंख्या नीति कार्यान्वयनलाई प्राथमिकता दिइनेछ। 'नेपाल आरोग्य वर्ष २०२७' अन्तर्गत योग, ध्यान र मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अघि बढाइने जनाएको छ। प्रदेशका प्रमुख अस्पतालहरूको स्तरोन्नति, जलन, डायलाइसिस, क्यान्सर र मुटुरोग उपचार सेवाको विस्तार गरिने, डिजिटल स्वास्थ्य सूचना प्रणाली, मोबाइल एप र सामुदायिक स्वास्थ्य अभिलेख प्रणाली सुदृढ गरिने, आयुर्वेद र वैकल्पिक चिकित्साको प्रवर्द्धनसँगै स्वास्थ्यकर्मीको क्षमता विकास र दुर्गम क्षेत्रमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने प्रदेश सरकारले जनाएको छ। स्वास्थ्य क्षेत्रमा राप्ती प्रादेशिक अस्पताललाई २०० शयचाको अस्पतालमा स्तरोन्नति गरिने छ भने लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालमा जलन उपचार सेवा विस्तार गरिने छ।

## सेवा प्रवाहलाई सरलिकृत बनाइने

लुम्बिनी प्रदेश सरकारले सेवा प्रवाहलाई छिटो, सरलीकृत र प्रविधिमैत्री बनाउन डिजिटल टोकन, फाइल ट्र्याकिङ र एकल विन्दु सेवा प्रणाली लागू गर्ने भएको छ । सुशासन प्रवर्द्धनका लागि प्रदेश सदाचार नीति तर्जुमा, तथ्यमा आधारित नीति निर्माण र तथ्यांक प्रणाली सुदृढीकरण गरिने छ।

कर्मचारी प्रशासनलाई पारदर्शी बनाउन सरुवा-बढुवा प्रणाली सुधार, प्रदेश किताबखाना स्थापना र डिजिटल अभिलेखीकरण गरिने छ । आयोजना बैंकमार्फत योजना छनोट र बजेट व्यवस्थापनलाई व्यवस्थित गरिने कार्यक्रम छ। *रासस*

# फिर्केको दायाँबायाँ 'फुटट्रेल', 'एलइडी'ले सजाइने



■ कृष्ण दवाडी

**कास्की–** पोखरा महानगरपालिका विगत लामो समयदेखिको प्रयासपछि फिर्केको अतिक्रमण हटाउन सफल भएको छ । बजारको मध्यभाग भएर बग्ने यस खोलाको अतिक्रमण हटाउने योजना अघिल्लो कार्यकालकै जनप्रतिनिधिको थियो । तत्कालीन प्रमुख मानबहादुर जिसीले डोजर चलाएर सुरुआतसमेत गरेका थिए । तर त्यो काम एक दिनपछि अघि बढ्न सकेन । फिर्के मापदण्डको विरोधमा स्थानीयले न्यायालयसम्म गुहारेका थिए । यसलगायत विविध कारणले अतिक्रमण हटाउने प्रयास सफल हुन सकेको थिएन ।

अहिले भने पोखरा महानगरपालिकाले संघीय सरकारकोसमेत बलियो साथ पाएपछि फिर्केको खोलाघर हटाउने कार्य आइतबारदेखि सुरु गरेको छ । पहिलो र दोस्रो दिन शान्तिपूर्णरूपमा सो कार्य सम्पन्न भयो । खोलघरमा निजी/व्यक्तिगत स्थायी ३५ र अस्थायी ९७ संरचना बनेका छन् । यसैगरी संस्थागत स्थायी १८ र अस्थायी १० वटा संरचना छन् ।

महानगरले अतिक्रमण हटाउने कार्य निरन्तर अभियानका रूपमा चल्ने जनाएको छ । स्थानीयलेसमेत खोलाघर हटाउने कार्यमा महानगरलाई साथ दिएका छन् । खोलाघरमै बनेका संरचना हटाउनपर्छ भने पनि त्यसपछिको मापदण्डको भने स्थानीयले विरोध गरेका छन् । फिर्के मापदण्ड छ मिटर वैज्ञानिक र व्यावहारिक नभएको गुनासो फिर्के क्षेत्रका नागरिकको छ ।

फिर्केको खोलाघर खाली गरेपछि महानगरले फिर्के करिडोर परियोजना सुरु गर्ने योजना बनाएको छ । यस परियोजनाका लागि दातृ निकायबाट सहयोग प्राप्त हुने महानगरले जनाएको छ । पोखरालाई 'हरित, स्वच्छ, आधुनिक र विश्वस्तरीय नदी-करिडोर सहर' का रूपमा स्थापित गर्ने दूरदर्शी अभियान फिर्के करिडोर परियोजना रहेको महानगर प्रमुख धनराज आचार्यले बताए ।

प्रमुख आचार्यका अनुसार फिर्के करिडोरको मुख्य अवधारणामा फिर्के खोलाको दायाँ-बायाँ कम्तीमा छ मिटर मापदण्ड कायम गर्दै व्यवस्थित फुटट्रेल, सुरक्षित साइकल लेन, 'मर्निङ' तथा 'इभिनिङ' वाकका लागि आकर्षक पदमार्ग निर्माण गरिने छ ।

'फिर्के खोलालाई प्राकृतिक सौन्दर्य, पर्यावरणीय सन्तुलन, पर्यटन र नागरिक जीवनशैलीसँग जोडेर नयाँ सहरी पहिचान दिने लक्ष्य राखिएको छ । खोलाको प्राकृतिक बहाव संरक्षण गर्दै दुवै किनार हरियाली बेल्ट, रैथाने बोटबिरुवा, ढुंगे तटबन्ध, स्मार्ट एलइडी लाइटिङ तथा वातावरणमैत्री सार्वजनिक खुला क्षेत्रले सजाइने छ,' महानगरले प्रमुख आचार्यले भने ।

करिडोरभित्र ठाउँ-ठाउँमा पोखरेली शैलीमा विश्रामस्थल, कफी पोइन्ट तथा खुला क्याफे, सेल्फी पोइन्ट र दृश्यावलोकनस्थल, सानो खुला पार्क तथा बस्ने चौतारी, सांस्कृतिक तथा कलात्मक संरचना, बालमैत्री र ज्येष्ठ नागरिकमैत्री खुला क्षेत्र निर्माण गरिने महानगरको योजना छ ।

'फिर्के करिडोरलाई केवल हिँड्ने बाटो होइन, जीवनशैली र मनोरञ्जनको सार्वजनिक गन्तव्य बनाउने छौं । यो भविष्यको पोखराको नयाँ सहरी पहिचान बन्ने छ, जहाँ प्रकृति, आधुनिक पूर्वाधार, पर्यटन, स्वास्थ्य, वातावरण र नागरिक जीवनशैलीको सुन्दर संगम हुने छ,' आचार्यले भने ।

पोखरा गणेशटोलका लोकनाथ भण्डारी खोलाघर भत्काइसकेपछि उचित व्यवस्थापन र दिगो विकास योजना ल्याउनुपर्ने बताउँछन् । 'फिर्केखोला खाली गर्ने कार्यमा हामी स्थानीयको सहयोग नै छ । तर मापदण्डको नाममा व्यक्तिको जमिनमा मनपरि मापदण्ड लागू गर्न पाइँदैन । महानगरलाई आवश्यक परे मुआब्जा दिनुपर्दछ । फिर्के वरपरका संरचना भत्काइसकेपछि यसको व्यवस्थित विकासको योजना ल्याउनुपर्छ,' भण्डारीले भने ।

पोखरा १८ अधेरिकुनादेखि वडा नं. २, ४, ५, ७, ८, १७ हुँदै वडा नं ६ स्थित पर्यटकीय गन्तव्य फेवाताल-गाईघाटसम्म फैलिएको फिर्के आठ किलोमिटर लामो छ । *रासस*

# माझी महिलालाई आत्मनिर्भर बनाउन गलैंचा बुनाइ तालिम

**चौतारा–** सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-१३ स्थित रातोमाटे माझीबस्तीका महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले ४५ दिने गलैंचा बुनाइ तालिम सुरु गरिएको छ ।

दलित सशक्तीकरण समाज चौतारा साँगाचोकगढी-१३ को आयोजनामा 'उद्यम गरौं, आत्मनिर्भर बनौं' भन्ने नारासहित सञ्चालन गरिएको तालिम असार १४ गतेसम्म सञ्चालन हुने नगरपालिकाका उद्यम शाखा प्रमुख अर्जुन गहतराजले जानकारी दिए । विपन्न तथा पिछडिएको समुदायका महिलालाई सीपमार्फत आत्मनिर्भर बनाउने उद्देश्यले तालिमलाई नगरपालिकाको महिला विकास शाखाले आर्थिक सहयोग गरेको छ।

नगरपालिकाकी उपप्रमुख सीता थापाले सीपमूलक तालिमले माझी समुदायका महिलाको आर्थिक अवस्था सुधार गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । नगरपालिकाका शाखा अधिकृत पेशलकुमार पोखरेलले आर्थिकरूपमा कमजोर र अवसरबाट टाढा रहेका समुदायलाई प्राथमिकतामा राखेर रातोमाटे माझीबस्ती छनोट गरिएको बताए। उनले तालिमसँगै उत्पादन र आम्दानी जोड्ने लक्ष्य राखिएको राखिएकोसमेत बताए ।

तालिममा सहभागी महिलाले सीप सिकेर घरमै बसेर आम्दानी गर्ने अवसर मिल्ने अपेक्षा गरेका छन् । बस्तीमा रोजगारी तथा आयआर्जनका अवसर न्यून भएकाले यस्ता कार्यक्रम प्रभावकारी हुने सीता माझीको विश्वास छ ।

स्थानीय आइते माझीका अनुसार नगरपालिका क्षेत्रमा परे पनि रातोमाटे माझीबस्ती अझै आधारभूत सेवा सुविधाबाट टाढा छ । १३ घरधुरी रहेको बस्तीमा हालसम्म एसइई उत्तीर्ण गर्ने विद्यार्थीसमेत नभएको उनको भनाइ छ । कक्षा ५ भन्दा माथिको अध्ययनका लागि विद्यार्थीले तीन घण्टा पैदल हिँडेर इन्द्रावतीको बडहरे पुग्नुपर्ने बाध्यता रहेको उनी बताउँछन् ।

स्वास्थ्य सेवाको पहुँच पनि कमजोर रहेको बस्तीवासीको गुनासो छ । बालबालिकालाई नियमित खोप लगाउनसमेत तीन घण्टा पैदल हिँडेर कोडडाँडा पुग्नुपर्ने अवस्था अझै कायम रहेको उनीहरूले बताएका छन् । *रासस*


**कतारमा रोजगार** | कम्पनी : ZANJABEEL CAFETERIA WLL

पूर्व स्वीकृति मिति : २०८२/०७/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 333075 | चलानी नं. ६०२४६७४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 1500 | ६२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kabab Maker | 2 | 0 | 1500 | ६२,७८० | | | | | | | |
| 3 | Chef (Cook) | 1 | 0 | 1800 | ७५,३३५ | | | | | | | |
| 4 | Coffee Maker | 2 | 0 | 1500 | ६२,७८० | | | | | | | |
| 5 | Asian Cook | 3 | 0 | 1800 | ७५,३३५ | | | | | | | |
| 6 | Sandwish Maker | 4 | 0 | 1500 | ६२,७८० | | | | | | | |
| 7 | Waiter(Male) | 8 | 0 | 1500 | ६२,७८० | | | | | | | |
| 8 | Juice Maker (Fresh Juice) | 5 | 0 | 1500 | ६२,७८० | | | | | | | |
| 9 | Helper | 1 | 0 | 1300 | ५४,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

# प्रभाव दैनिक


## रूपशाला

### पाँच पाण्डवको छायांकन सकियो

चलचित्र 'पाँच पाण्डव'को छायांकन सकिएको छ । ६६औँ दिनमा चलचित्रको छायांकन सकिएको हो । छायांकन प्याकअप लेखिएको केक काट्दै निर्माण युनिटले सोमबार चलचित्रको इन्डक्ल्याप गरेको हो । चलचित्रका निर्देशक वसन्त निरौला हुन् । '२०८२ चैत २ गतेबाट सुरु भएको चलचित्रको छायांकन हामीले ६६ दिन लगाएर सक्यौँ, निर्देशक निरौलाले भने, 'चलचित्रको छायांकनमा हामीले कुनै पनि कम्प्रमाइज गरेका छैनौँ ।' काली रानी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला मुख्यको चलचित्रमा मूख्य भूमिका छ छ । दीपाश्री निरौला, सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरीलगायतको समेत अभिनय फिल्ममा देख्न सकिन्छ ।





# मोतीलाल र यशोदाको स्वरमा 'बैगुनी मायालु' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय गायक मोतिराज खनाल र गायिका यशोदा कार्की को सुमधुर आवाजमा सजिएको अत्यन्त मार्मिक तथा भावनात्मक गीत 'बैगुनी मायालु' सार्वजनिक भएको छ । प्रेम, पीडा, बिछोड र भावनात्मक संघर्षलाई केन्द्रमा राखेर निर्माण गरिएको यस गीतले सार्वजनिक भएसँगै दर्शक तथा श्रोतामाझ विशेष चर्चा बटुल्ने अपेक्षा गरिएको छ । गीतमा लोकप्रिय गायक मोतिराज खनाल र यशोदा कार्कीको मन छुने स्वर सुन्न सकिन्छ। गीतका शब्द शंकर घिमिरे र विश्वास घिमिरे ले संयुक्त रूपमा सिर्जना गरेका हुन् भने गीतको लय स्वयं गायक मोतिराज खनालले तयार पारेका हुन् ।




गीतको संगीत संयोजन (एरेन्ज) रमेश सेन्चुरीले गरेका हुन् । मालाश्री डिजिटल रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको उक्त गीतको रेकर्डिङ कार्य सागर बाजुरालीले सम्पन्न गरेका हुन् भने मिक्सिङ खडक बाजुरालीले गरेका छन् ।

गीतको म्युजिक भिडियोमा विश्वास घिमिरे, बिन्दु आचार्य, अनिशा बेल्बासे तथा बिशेष घिमिरेको सशक्त अभिनय देख्न सकिन्छ । भिडियोको निर्देशन स्वयं विश्वास घिमिरेले गरेका हुन् । ड्रोन दृश्यहरू चोप सिलवालले कैद गरेका छन् भने छायांकन तथा सम्पादनको जिम्मेवारी सन्जय पाठकले सम्हालेका छन् ।

गाउँघरको मौलिक परिवेश, हरियालीले भरिएको प्राकृतिक वातावरण तथा प्रेम र बिछोडको पीडालाई भिडियोमा अत्यन्त संवेदनशील ढंगले प्रस्तुत गरिएको छ । उत्कृष्ट कथा प्रस्तुति, भावनात्मक अभिनय र अनुभवी कलाकारहरूको समन्वयले 'बैगुनी मायालु'लाई अझ जीवन्त र प्रभावशाली बनाएको निर्माण टिमले जनाएको छ ।

नेपाली लोक तथा आधुनिक संगीतप्रेमी दर्शकका लागि 'बैगुनी मायालु' प्रेम, संवेदना र यथार्थ भावनाले भरिएको उत्कृष्ट सांगीतिक कोशेलीका रूपमा सार्वजनिक भएको हो ।

लोकदोहोरी क्षेत्रमा निरन्तर आफ्नो सिर्जनामार्फत दर्शक तथा श्रोताको मन जित्दै आएका गायक मोतिराज खनालका दर्जनौं गीत लोकप्रिय बनेका छन् । गीत-संगीतसँगै आफ्ना सिर्जनामार्फत मनोरञ्जन मात्र नभई सामाजिक सन्देश र पर्यटन प्रवर्द्धनमा समेत उनले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।

वि.सं. २०६१ सालदेखि सांगीतिक यात्रामा सक्रिय रहेका गायक मोतिराज खनालले कला र संगीतको माध्यमबाट समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै आएका छन् । उनका 'सुपा देउराली भजन', 'मालारानी भजन', 'यो दिलसँग त्यो दिल गाँसौंला', 'ऋण बढेर दोब्बर भइसक्यो', 'सँगै सुते लाग्छ गोडामा', 'लालीगुराँस फुल्यो मायालु', 'आउ बस आडैमा', 'चालीस कटेसी', 'क्या राम्री पुतली', 'पैसाको बिटो', 'यो सन्देश पठाइदेऊ मेरी सानीलाई', 'बिर्सु कसरी' लगायतका गीतहरू नेपाली संगीत बजारमा निकै रुचाइएका सिर्जना हुन् ।

## रंगशाला

साफ महिला च्याम्पियनसिप

# नेपालको विजयी सुरूआत



**काठमाडौं (प्रस)–** नेपालले साफ महिला च्याम्पियनसिप २०२६ मा विजयी सुरुआत गरेको छ । सोमबार उद्घाटन तथा समूह 'ए'को आफ्नो पहिलो खेलमा नेपालले भुटानविरुद्ध १-० को संघर्षपूर्ण जित हासिल गऱ्यो । गोवा राज्यको मडगाउँ शहरस्थित जवाहरलाल नेहरू रंगशालामा जारी खेलमा नेपालले खेलको २३औं मिनेटमा आत्मघाती उपहार पायो ।

दीपा शाहीको कर्नरलाई नेपालले सदुपयोग गऱ्यो । अनिता बस्नेतको असफल हेडर प्रयासले बल पहिलो अन्तर्राष्ट्रिय क्याप जितेकी अनिता लम्जेलसम्म पुगेको थियो । लम्जेलले बललाई कटब्याक गरिन् । त्यसपछि गीता रानाको प्रहार विपक्षी खेलाडीसँग डिफ्लेक्ट हुँदै गोलमा परिणत भयो ।

खेलको १४औं मिनेटमा नेपालले राहतको सास फेरेको थियो । भुटानको हाइ प्रेसिङमा गोलकिपर अञ्जिला तुम्बापो सुब्बाले ब्लन्डर गर्न पुगिन् । लेफ्ट ब्याक हिराकुमारी भुजेललाई पास दिन खोज्दा अञ्जिलाको बल पेमा चोइकीको खुट्टामा पर्यो । तर, चोइकीले यसलाई सदुपयोग गर्न सकिनन् ।

पहिलो हाफ समय सकिन ८ मिनेट बाँकी छँदा स्ट्राइकरद्वय रश्मी घिसिङ र रेखा पौडेल गोलको करिब रहे । रश्मीको प्रहार आकाशिँदा रेखाको लोअर अटेम्प्ट पोलमा लागेर फर्कियो ।

दोस्रो हाफमा नेपालले थप केही अवसरहरू सिर्जना गऱ्यो । रेखाले सबैको ध्यान आफूमा तानिन् । तर, बललाई जाली भने चुमाउन भने सकिनन् । यसबीच मीना देउवाको गोलले अफसाइडका कारण मान्यता पाएन । जितसँगै नेपाल सेमिफाइनल नजिक पुगेको छ । आइतबार ६ दिनपछि नेपालले आफ्नो दोस्रो खेलमा श्रीलंकासँग खेल्नेछ । श्रीलंकालाई बराबरीमा मात्र रोक्न सकेपनि नेपालले अन्तिम चारमा स्थान बनाउनेछ । भुटानले यही बिहीबार श्रीलंकासँग खेल्ने तालिका छ । यो खेलमा भुटानले हार अथवा बराबरी नतिजा आत्मसात गरे नेपाल एक खेलअगावै सेमिफाइनल पुग्नेछ ।

# राष्ट्रिय क्रिकेट खेलाडीको नयाँ वर्गीकरण

**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान) ले पुरुष र महिला राष्ट्रिय क्रिकेट खेलाडीहरूको नयाँ वर्गीकरण सार्वजनिक गरेको छ । क्यानले मंगलबार ३८ पुरुष र २५ महिला खेलाडीलाई विभिन्न श्रेणीमा समावेश गरिएको जनाएको हो । पुरुषतर्फ 'ए प्लस' श्रेणीमा कप्तान रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछाने परेका छन् । 'ए' श्रेणीमा सोमपाल कामी, आसिफ शेख, कुशल भुर्तेल र करण केसी छन् ।

'बी' श्रेणीमा ललितनारायण राजवंशी, आरिफ शेख, भीम सार्की, नन्दन यादव र गुल्शन झा समावेश छन् । 'सी' श्रेणीमा सन्दीप जोरा, अर्जुन कुमाल, कुशल मल्ल, शेर मल्ल, इशान पाण्डे, बशिर अहमद, लोकेश बम, शाहब आलम, हेमन्त धामी, विनोद भण्डारी र अनिल साह छन् । डेभलपमेन्ट श्रेणीमा त्रितराज दास, राशिद खान, सन्तोष यादव, नारायण जोशी, विपिन खत्री, रिजन ढकाल, युवराज खत्री, देव खनाल, पवन सर्राफ, आकाश चन्द, दीपक डुम्रे, अर्जुन घर्ती, अर्जुन साउद, प्रतीस जिसी र सागर ढकाल परेका छन् । महिलातर्फ 'ए' श्रेणीमा इन्दु बर्मा, पूजा महतो, रुबिना क्षेत्री र सीता रानामगर समावेश छन् । 'बी' श्रेणीमा कविता कुँवर, सम्झना खड्का र मनीषा उपाध्याय रहेका छन् भने सी श्रेणीमा बिन्दु रावल, कविता जोशी, रुबी पोद्दार र रिया शर्मा छन् ।

डेभलपमेन्ट श्रेणीमा रोमा थापा, सुमन बिष्ट, ईश्वरी विष्ट, सोनी पाखिन, सना प्रविण, सावित्री धामी, काजल श्रेष्ठ, सीमा केसी, अनु कडायत, यशोदा बिष्ट, लक्ष्मी साउद, ममता चौधरी, अश्मिना कर्माचार्य र रचनाकुमारी चौधरी रहेका छन् । क्यानका अनुसार पुरुष खेलाडीमध्ये 'ए प्लस' श्रेणीका खेलाडीले मासिक एक लाख २० हजार रूपैयाँ तलब पाउनेछन् । 'ए' श्रेणीले एक लाख, 'बी' श्रेणीले ७५ हजार, 'सी' श्रेणीले ५५ हजार तथा डेभलपमेन्ट श्रेणीले ३५ हजार रूपैयाँ मासिक पारिश्रमिक प्राप्त गर्नेछन् ।

महिला खेलाडीमध्ये 'ए' श्रेणीले ५५ हजार, 'बी' श्रेणीले ४० हजार, 'सी' श्रेणीले ३० हजार तथा डेभलपमेन्ट श्रेणीले २५ हजार रूपैयाँ मासिक तलब पाउने क्यानले जनाएको छ । यसअघि क्यानले 'ए' श्रेणीकालाई ५०, 'बी'कालाई ३५, 'सी'कालाई २५ र 'डी'का लाई मासिक २० हजार रूपैयाँ दिँदै आएको थियो ।

# काभा भलिबल: नेपाल सेमिफाइनलमा इरानसँग भिड्ने

**काठमाडौं (प्रस)–** नेपालले काभा महिला भलिबल च्याम्पियनसिपको फाइनल प्रवेशका लागि अपराजित इरानसँग खेल्ने भएको छ ।

समूह 'बी' मा रहेको इरानले अन्तिम खेलमा कजाखस्तानलाई ३-० को सोझो सेटमा पराजित गरि सेमिफाइनलमा नेपालसँगको भेट पक्का गरेको हो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषदको कभर्ड हलमा सोमबार सम्पन्न समूह चरणको अन्तिम खेलमा इरानले २५-२२, २५-२० र २५-२२ को सेटमा खेल जितेको हो । यस जितसँगै अपराजित इरान समूह 'बी' को विजेता बन्यो । पराजित कजाखस्तान २ जित सहित समूहको उपविजेता भयो ।

समूह 'ए' मा अपराजित रहँदै भारत विजेता तथा ७ अंक भएको नेपाल उपविजेता बन्यो । नेपाल पहिलो खेलमा भारतसँग ३-२ ले पराजित भएको थियो भने किर्गिस्तान र माल्दिभ्सविरुद्ध ३-० ले विजयी हुँदै सेमिफाइनलको स्थान पक्का गरेको थियो ।

समूह 'ए' को विजेता भारतले बी को उपविजेता कजाखस्तानसँग तथा समूह 'ए' को उपविजेता नेपालले अर्को समूहको विजेता इरानसँग सेमिफाइनलमा खेल्न लागेको हो । दुवै सेमिफाइनल खेल बिहिबार हुने तालिका छ ।


साउदीमा रोजगार — कम्पनी : ASMA NABAA RASHIDI HOLDING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342693 | चलानी नं. ६०२५५९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 4 | 0 | 1800 | ७३,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Sukedhara 04, Kathmandu (near by Oscar college), Nepal, Tel: 4489975, Mob: 9851057208, 9768935405, E-mail : halesioverseas074@gmail.com



मलेसियामा रोजगार — कम्पनी : ARAH DAGANG SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342503 | चलानी नं. ६०२५५९३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 7 | 0 | 1700 | ६५,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082



साउदीमा रोजगार — कम्पनी : MUTAIB HAMAD ALI ABU SAQ RESTAURANT ESTABLISHMENT FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 339552 | चलानी नं. ६०२५३०८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1200 | ४८,७४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSE OVERSEAS PVT. LTD.
Govt. License 147/056/057
Chandol Chowk, Bashidhar Marga, Kathmandu, Nepal, Tel.: +977-1-4 446105/ 412874, Prabin Basnet (9828932505)
E-mail: info@roseoverseas.com.np, roseovrs147@gmail.com, Web: www.roseoverseas.com.np



युएइमा रोजगार — कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342660 | चलानी नं. ६०२५५९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour | 50 | 0 | 1200 | ४९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | 1500 | ६२,२७५ | | | | | | | |
| 3. | Eletrician (Gen) | 20 | 0 | 1500 | ६२,२७५ | | | | | | | |
| 4. | Scoffolding Supervisor | 20 | 0 | 2000 | ८३,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LEO INTERNATIONAL HR CONSULTANCY PVT. LTD.
( साबिक Code Recruitment Services Pvt.ltd.)
LIC No. 1596/079/80
Pipalbot Marg, Mid Baneshwor Height, Kathmandu, Nepal, Offcial Tel : 01 01-5912843, 5912844, Padam Gautam: 9851241211
Official Cell : 9802346215, Jhapa Branch (Birtamode) : 9802679179, E-mail : nepaljobs@leointernationlhrc.com



युएइमा रोजगार — कम्पनी : REFINE GENERAL CONTRACTING AND MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342419 | चलानी नं. ६०२५५९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason Assistant | 27 | 0 | 1200 | ४९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 27 | 0 | 1500 | ६२,२७५ | | | | | | | |
| 3. | Building Labour | 28 | 0 | 1000 | ४१,५१५ | | | | | | | |
| 4. | Stone Mason/brick Mason/tyle Layer | 30 | 0 | 1500 | ६२,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: शामाखुसी, टाउन प्लानिङ, काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Bishnu : 9851112074, Ganesh : 9841777604,
Rajesh : 9801072971, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com



कुवेतमा रोजगार — कम्पनी : NOBU SPA MEN"S HEALTH INSTITUTE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 311606 | चलानी नं. ६०२२६०८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicure/pedicur | 5 | 0 | 150 | ७३,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



साउदीमा रोजगार — कम्पनी : COFFEE SHOP WORKER SERVING DRINKS

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342390 | चलानी नं. ६०२५५९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Waiter/Waitress | 1 | 0 | 1200 | ४८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAJ BUSINESS LOGISTICS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342574 | चलानी नं. ६०२५५९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 17 | 0 | 1800 | ७३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD.
श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4579617/4572474, Fax : +977-1 -4466023



साउदीमा रोजगार — कम्पनी : ABDUL AZIZ ABDUL RAHMAN AL MAJID CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/११/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 339282 | चलानी नं. ६०२५२७३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 1 | 0 | 1700 | ६९,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Wasim Ansari 980-8960228, E-mail : alkausar.hrm@gmail.com



मलेसियामा रोजगार — कम्पनी : A. WANER PLASTIC MANUFACTURING SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342611 | चलानी नं. ६०२५५९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General / Production Operator | 5 | 0 | 1700 | ६५,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmanadu,Tel: +997-1-4356889,
Email id : admin@topsglobal.com., sanconresources@yahoo.com



जापानमा रोजगार — कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342600 | चलानी नं. ६०२५५९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब YEN | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trainee/ intern worker (construction) | 1 | 0 | 197472 | १८९,२४५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | 10,000/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari. 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



**भारतमा उच्च गर्मी** | भारतको जम्मूमा सोमबार उच्च गर्मी भएको समय तावी नदीमा भैंसीहरूसँगै पानी खेलेर आनन्द लिँदै बालबालिका । *तस्बिरः एपी*

# अन्तरिक्षको नयाँ यात्रामा चीन

**जियुकुआन (चीन)–** चीनले आफ्नो अन्तरिक्ष महत्त्वाकांक्षालाई नयाँ चरणमा पुऱ्याउने प्रयासस्वरूप आइतबार राति शेनझोउ-२३ अन्तरिक्ष यान प्रक्षेपण गरेको छ । तीन अन्तरिक्षयात्री बोकेको यो मिसनमा एक जना सदस्यलाई अन्तरिक्ष स्टेसनमा पूरा एक वर्ष बसाउने योजना समावेश गरिएको छ । यसलाई लामो अवधिको मानव अन्तरिक्ष बसाइसम्बन्धी महत्त्वपूर्ण परीक्षणका रूपमा हेरिएको छ ।

शेनझोउ-२३ अन्तरिक्ष यान उत्तरपश्चिम चीनस्थित जियुकुआन स्याटेलाइट प्रक्षेपण केन्द्रबाट अन्तरिक्षतर्फ पठाइएको हो । चीनले सन् २०३० भित्र पहिलोपटक मानवलाई चन्द्रमामा अवतरण गराउने लक्ष्यतर्फ तयारी तीव्र बनाइरहेका बेला यो प्रक्षेपणलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

यस मिसनमा कमाण्डर झु यांझु, झाङ झियुआन र लाइ का-यिङ सहभागी छन् । चिनियाँ अधिकारीहरूले लाइलाई उनको नामलाई म्याण्डारिन भाषामा उच्चारणअनुसार रूपान्तरण गरेर 'ली जियायिङ' नामले पनि चिनाउने गरेका छन् ।

हङकङमा जन्मिएका तथा त्यहीँ हुर्किएका लाइले कम्प्युटर फरेन्सिक विषयमा विद्यावारिधि हासिल गरेका छन् । उनलाई अन्तरिक्ष मिसनमा सहभागी हुने सहर पृष्ठभूमिबाट आएका पहिलो चिनियाँ अन्तरिक्षयात्रीका रूपमा पनि प्रस्तुत गरिएको छ ।

सरकारी सञ्चारमाध्यमका अनुसार शेनझोउ-२३ को टोलीले अन्तरिक्षमा दर्जनौं वैज्ञानिक तथा प्रयोगात्मक परियोजनाहरू सञ्चालन गर्ने तयारी गरेको छ । यो टोलीले हाल २०० दिनभन्दा बढी समयदेखि टियांगोङ अन्तरिक्ष स्टेसनमा कार्यरत शेनझोउ-२१ का चालक दलसँग कक्षामा भेट गर्ने तथा कार्य हस्तान्तरण प्रक्रिया पूरा गर्ने अपेक्षा गरिएको छ ।

यस मिसनको सबैभन्दा उल्लेखनीय पक्ष भनेको तीन सदस्यीय टोलीमध्ये एक अन्तरिक्षयात्रीलाई अन्तरिक्ष स्टेसनमा लगातार एक वर्ष राख्ने योजना हो । यो बसाइँ सफल भएमा त्यसलाई अन्तरिक्षमा मानवको सबैभन्दा लामो एकल प्रवासमध्ये एक मानिने छ । सरकारी सञ्चारमाध्यमका अनुसार यस प्रयोगको उद्देश्य लामो अवधिको अन्तरिक्ष वातावरणमा मानव शरीरको अनुकूलन क्षमता, सहनशीलता तथा कार्यसम्पादन सीमाबारे विस्तृत अध्ययन गर्नु हो ।

पछिल्ला वर्षहरूमा चीनले आफ्नो अन्तरिक्ष कार्यक्रमलाई तीव्र रूपमा विस्तार गर्दै आएको छ । टियांगोङ अन्तरिक्ष स्टेसनलाई केन्द्रमा राखेर चिनियाँ अन्तरिक्षयात्रीहरूले लगातार नयाँ मिसनहरू सञ्चालन गरिरहेका छन् । यो अन्तरिक्ष स्टेसन चीनले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा अमेरिकी प्रतिबन्धका कारण प्रभावकारीरूपमा बाहिरिएपछि आफ्नै पहलमा विकास गरेको संरचना हो ।

विश्व अन्तरिक्ष प्रतिस्पर्धामा अमेरिकालाई चीनको प्रमुख प्रतिद्वन्द्वीका रूपमा हेरिन्छ । अमेरिकी अन्तरिक्ष निकाय नासाले पनि सन् २०२८ सम्ममा पुनः चन्द्रमाको सतहमा अन्तरिक्षयात्री अवतरण गराउने लक्ष्य अघि सारेको छ । यसले अन्तरिक्ष क्षेत्रमा दुई शक्तिबीचको प्रतिस्पर्धालाई अझ तीव्र बनाएको छ ।

चीनको अन्तरिक्ष स्टेसन टियांगोङले पहिलोपटक सन् २०२१ मा चिनियाँ चालक दललाई स्वागत गरेको थियो । त्यसयता यो चीनको मानव अन्तरिक्ष अभियानको मुख्य आधार बनेको छ । टियांगोङको अर्थ 'स्वर्गीय महल' भन्ने हुन्छ ।

गत वर्ष शेनझोउ कार्यक्रममा आपत्कालीन उद्धार मिसनसमेत सञ्चालन गरिएको थियो । 'दिव्य पोत' भन्ने अर्थ दिने यस कार्यक्रमअन्तर्गत क्षतिग्रस्त अन्तरिक्ष यानका कारण अन्तरिक्ष स्टेसनमा अड्किएका अन्तरिक्षयात्रीहरूको टोलीलाई सुरक्षितरूपमा पृथ्वीमा फर्काइएको थियो । शेनझोउ-२३ को प्रक्षेपणसँगै चीनले अब दीर्घकालीन अन्तरिक्ष बसाइँ, वैज्ञानिक अनुसन्धान र चन्द्र अभियानतर्फ आफ्नो रणनीतिक तयारीलाई अझ अगाडि बढाएको संकेत दिएको छ । *रासस/एपी*

# गहिरो समुद्रमा भेटियो दुर्लभ नीलो अक्टोपस

**पेरिस–** ग्यालापागोस टापु नजिक गहिरो समुद्रमा वैज्ञानिकहरूले दुर्लभ नीलो रङको नयाँ अक्टोपस प्रजाति फेला पारेका छन् । समुद्री सतहबाट करिब एक हजार ८०० मिटर तल भेटिएको यो सानो समुद्री जीवले अनुसन्धानकर्ताहरूलाई केवल आफ्नो असामान्य रङका कारणमात्र नभई, शरीरको बनावट, बासस्थान र व्यवहारका सम्भावित विशेषताका कारण पनि आश्चर्यचकित बनाएको छ ।



समुद्र, को गहिराइमा वैज्ञानिकहरूद्वारा नियन्त्रित पनडुब्बीमार्फत गरिएको अवलोकनका क्रममा यो अक्टोपस पहिलोपटक देखिएको थियो । समुद्रजत्तिकै नीलो देखिने र आकारमा गल्फ बलभन्दा पनि ठूलो नभएको यो जीव देख्नेबित्तिकै एक वैज्ञानिकले उत्साहपूर्वक 'ऊ सानो छ ! यो नीलो छ !' भन्दै प्रतिक्रिया दिएको भिडियोमा रेकर्ड भएको थियो ।

चार्ल्स डार्विन फाउण्डेसनको टोलीले पत्ता लगाएको यस नयाँ प्रजातिबारेको अनुसन्धान सोमबार सार्वजनिक गरिएको हो । अक्टोपससम्बन्धी विज्ञ जेनेट भ्वाइटका अनुसार पहिलो दृश्य हेर्नेबित्तिकै उनलाई यो अत्यन्तै विशेष जीव भएको अनुभूति भएको थियो । अनौठो प्रजातिको पहिचान गर्न आग्रह गरिएपछि उनले यसको अध्ययन सुरु गरेका थिए ।

सुरुमा शिकागोस्थित फिल्ड म्युजियम अफ नेचुरल हिस्ट्रीका क्युरेटरहरूले उक्त जीवको तस्बिर र विवरणको अध्ययन गरेका थिए । त्यसपछि संरक्षित नमूना हुलाकमार्फत उनीसम्म पुगेको थियो । नमूना प्राप्त गरेपछि उनी चकित भएका थिए । उनका अनुसार त्यो जीव निकै आकर्षक र असाधारण देखिन्थ्यो ।

यो प्रजातिप्रति उनको रुचि तत्काल बढ्नुको एउटा कारण यसको सबैभन्दा नजिकको ज्ञात प्रजाति उरुग्वेको तटमा, दक्षिण अमेरिकाको अर्कै समुद्री क्षेत्रमा बसोबास गर्ने तथ्य पनि थियो । यसले वैज्ञानिकहरूलाई यसको उत्पत्ति, विकास र वितरणबारे थप प्रश्न उठाउन प्रेरित गरेको छ ।

सामान्यतया नयाँ अक्टोपस प्रजातिको वैज्ञानिक विवरण तयार गर्न यसको शरीरको नमूना काटेर मुख, चुच्चो, दाँत तथा अन्य आन्तरिक संरचनाको परीक्षण गरिन्छ । तर यसपटक अनुसन्धानकर्ताहरूसँग एउटा मात्र नमूना भएकाले त्यसलाई काटेर जोखिम मोल्न उनीहरू इच्छुक थिएनन् ।

त्यसको विकल्पस्वरूप फिल्ड म्युजियमको टोलीले आधुनिक प्रविधिको सहारा लिएको थियो । सिटी स्क्यान प्रयोग गरी हजारौं एक्स-रे तस्बिरहरू तयार गरियो र ती सबैलाई संयोजन गरेर अक्टोपसको विस्तृत त्रिआयामिक (थ्रिडी) मोडेल बनाइयो । यस प्रक्रियाले बाह्य संरचना बिगार्नुपर्ने आवश्यकताविना नै यसको भित्री बनावट अध्ययन गर्न सम्भव बनायो ।

फिल्ड म्युजियमको एक्स-रे प्रयोगशालाकी प्रमुख स्टेफनी स्मिथले कुनै पनि व्यक्तिले पहिले कहिल्यै नदेखेको जीवको भित्री संरचना अवलोकन गर्दै दिन बिताउनु विशेष अनुभव हुने बताएको थियो । वैज्ञानिकहरूले यस नयाँ प्रजातिलाई माइक्रोएलडोन ग्यालापाजेन्सिस नाम दिएका छन् । यो प्रजाति आफ्नो नीलो रङका कारण विशेष रूपमा चिनिएको छ, किनभने प्रकृतिमा यस्तो रङ अपेक्षाकृत दुर्लभ मानिन्छ ।

अनुसन्धानअनुसार यो अक्टोपस सम्भवतः मेगालेडोनिडे परिवारसँग सम्बन्धित देखिन्छ । यस परिवारका सदस्यहरू प्रायः आकारमा धेरै ठूला हुन्छन् र अन्टार्कटिका आसपासको दक्षिणी महासागरमा पाइन्छन् । तर नयाँ प्रजाति भने सानो आकारको छ र फरक वातावरणमा भेटिएको छ ।

भ्वाइटका अनुसार यसको शरीरमा देखिने जिद्दी साना हात, प्रत्येक हातमा रहेको केवल एक पंक्तिको चुस्ने संरचना र पछाडिको सतहमा रहेको चिल्लो छालाले यसलाई धेरैजसो परिचित अक्टोपसहरूबाट अलग बनाउँछ । छोटा हात र एकल चुस्ने पंक्ति भएका अन्य प्रजातिसँग तुलना गर्दा पनि यसको रङ र छालाको बनावटले यसलाई विशिष्ट बनाएको उनले बताए । *रासस/एएफपी*

# सी–सरिफ भेट मध्यपूर्व केन्द्रित

**बेइजिङ–** मध्यपूर्व युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास जारी रहेका बेला चिनियाँ राष्ट्रपति सी चिनफिङले सोमबार बेइजिङमा पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफसँग भेटवार्ता गरेका छन् । अमेरिका-इरान तनाव, क्षेत्रीय स्थिरता र मध्यस्थता प्रयासका विषयमा अन्तर्राष्ट्रिय सक्रियता बढिरहेका समयमा भएको यो उच्चस्तरीय भेटलाई अर्थपूर्णरूपमा हेरिएको छ ।



सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार राष्ट्रपति सीसँगको भेटअघि प्रधानमन्त्री सरिफले चीनका प्रधानमन्त्री ली किआङसँग पनि वार्ता गरेका थिए । बेइजिङमा भएको पछिल्लो छलफलका विषयवस्तुबारे चिनियाँ सरकारी सञ्चारमाध्यमले तत्काल विस्तृत विवरण सार्वजनिक गरेका छैनन् ।

पाकिस्तानी टेलिभिजनका अनुसार पाकिस्तानका सेना प्रमुख असीम मुनीरले पनि चीन भ्रमणमा प्रधानमन्त्री सरिफलाई साथ दिएका छन् । अमेरिका र इरानबीचको संवाद प्रक्रियामा इस्लामाबादको भूमिका बढिरहेका बेला मुनीरको सहभागितालाई विशेष महत्त्वका साथ हेरिएको छ ।

गत महिना पाकिस्तानले अमेरिका र इरानबीच ऐतिहासिक आमनेसामने वार्ताको आयोजना गर्दै आफूलाई प्रमुख मध्यस्थकर्ताका रूपमा प्रस्तुत गरेको थियो । यद्यपि, उक्त प्रयास दीर्घकालीन सम्झौतामा रूपान्तरण हुन सकेन ।

यसबीच चीनले तुलनात्मकरूपमा संयमित तर सक्रिय कूटनीतिक भूमिका निर्वाह गर्दै आएको छ । बेइजिङले टेलिफोन संवाद तथा खाडी क्षेत्रका प्रभावित मुलुकका अधिकारीहरूसँग बैठकमार्फत क्षेत्रीय तनाव कम गर्ने प्रयास जारी राखेको छ ।

बेइजिङमा चिनियाँ नेतृत्वसँगको भेटका क्रममा सरिफले विश्व अहिले महत्त्वपूर्ण मोडबाट गुज्रिरहेको बताएको पाकिस्तानी सरकारी टेलिभिजन पिटिभीले जनाएको छ । उनले अमेरिका-इरान सम्बन्ध सुधारका लागि पाकिस्तानले गम्भीर मध्यस्थकारी भूमिका निर्वाह गरेको दाबी गरेका छन् ।

सरिफका अनुसार सेना प्रमुख मुनीर तेहरान भ्रमणमा सहभागी भइसकेपछि पनि चीनको यो महत्त्वपूर्ण भ्रमण छुटाउन इच्छुक थिएनन् । 'कुराहरू सही दिशातर्फ अघि बढिरहेका छन् र शान्ति प्रवर्द्धनमा चीनले दिएको समर्थनप्रति म आभार व्यक्त गर्न चाहन्छु,' उनले भनेका थिए ।

प्रधानमन्त्री सरिफले शनिबार पूर्वी चीनको झेजियाङ प्रान्तस्थित हाङ्झोउबाट आफ्नो चारदिने आधिकारिक चीन भ्रमण सुरु गरेका हुन् ।

यसअघि युद्ध अन्त्यतर्फको मध्यस्थता प्रयासकै क्रममा पाकिस्तानका गृहमन्त्री मोहसिन नकवीसँगै सेना प्रमुख मुनीरले शुक्रबार र शनिबार तेहरानको भ्रमण गरेका थिए । त्यसपछि भएको चीन भ्रमणले इस्लामाबादको बहुपक्षीय कूटनीतिक सक्रियता थप स्पष्ट पारेको छ । चीनले पनि मध्यपूर्वमा शान्ति र स्थिरता पुनःस्थापनाका लागि पाकिस्तानसँग सहकार्य गर्न तयार रहेको जनाएको छ ।

अप्रिलमा युद्ध सुरु भएयता अमेरिका र इरानी अधिकारीहरूबीच भएको एकमात्र प्रत्यक्ष वार्ताको आयोजना पाकिस्तानले गरेको थियो । त्यस वार्तामा असीम मुनीर निकै सक्रिय भूमिकामा देखिएका थिए । दुवै प्रतिनिधिमण्डललाई स्वागत गर्नुका साथै अमेरिकी उपराष्ट्रपति जेडी भान्ससँगको सार्वजनिक मैत्रीपूर्ण व्यवहारले पनि उनी वार्ताको केन्द्रमा रहेका थिए ।

तर अन्ततः ती वार्ताहरू सफल हुन सकेनन् । इरानले अमेरिकामाथि 'अत्यधिक माग' राखेको आरोप लगाउँदै सहमति प्रक्रियाबाट दूरी बनाएको थियो । त्यसपछि चीन र पाकिस्तानले क्षेत्रीय शान्ति प्रयासमा समन्वय बढाउने संकेत दिएका छन् । *रासस/एएफपी*

# मध्यपूर्व तनाव कम हुने अपेक्षाले तेल बजारमा ठूलो गिरावट

**न्युयोर्क–** अमेरिका र इरानबीच शान्ति वार्ता अघि बढ्ने सम्भावनाको समाचारपछि अन्तर्राष्ट्रिय तेल बजारमा सोमबार नयाँ कारोबार सुरु हुँदा कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले घटेको छ । मध्यपूर्व क्षेत्रमा तनाव कम हुने र आपूर्ति अवरोध घट्ने अपेक्षाले लगानीकर्ताहरूमा बिक्री दबाब बढेपछि बजारमा तुरुन्तै गिरावट देखिएको हो ।

जुलाई महिनामा आपूर्ति हुने पश्चिम टेक्सास मध्यवर्ती कच्चा तेल एक समय प्रतिब्यारेल ५.३५ अमेरिकी डलरले घटेर ९१.२५ अमेरिकी डलरमा पुगेको थियो, जुन करिब ५.५३ प्रतिशतको गिरावट हो । त्यस्तै ब्रेन्ट कच्चा तेल पनि ५.५७ अमेरिकी डलरले घटेर ९७.९७ अमेरिकी डलर प्रति ब्यारेलमा झरेको थियो, जुन करिब ५.३८ प्रतिशतको गिरावट हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार इरानसँगको शान्ति सम्झौता धेरै हदसम्म टुंगिएको तर अन्तिम सहमतिका लागि अमेरिका, इरान तथा मध्यपूर्वका अन्य देशहरूबीच अझै छलफल बाँकी रहेको बताए । प्रस्तावित योजनाअनुसार ६० दिनको युद्धविराम विस्तार, हर्मुज जलडमरूमध्य पुनः खोल्ने, इरानलाई पुनः तेल बिक्री गर्न दिने र इरानको आणविक कार्यक्रमबारे वार्ता गर्ने विषय समावेश छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानले हर्मुज जलडमरूमध्य पुनः खोल्ने कदम अघि बढाएमा अमेरिका आणविक कार्यक्रमसम्बन्धी गम्भीर वार्तामा प्रवेश गर्न तयार रहेको बताएको छ ।

यसैबीच इरानको इस्लामिक क्रान्तिकारी गार्डले पछिल्लो २४ घण्टामा ३३ वटा जहाज हर्मुज जलडमरूमध्य पार गरेको जानकारी दिएको छ, जसले उक्त मार्ग आंशिकरूपमा सञ्चालनमा रहेको संकेत गर्दछ । ऊर्जा विश्लेषकहरूका अनुसार युद्धअघि जस्तो आपूर्ति चाँडै सामान्य अवस्थामा फर्कन कठिन छ, किनभने उत्पादन संरचनामा क्षति, केही क्षेत्रमा उत्पादन अवरोध र ढुवानी समस्याहरू अझै पूर्णरूपमा समाधान भएका छैनन् । *रासस/एपी*

**मलेसियामा रोजगार** कम्पनी : STRENGTH FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ LT. No. 323841 चलानी नं. ६०२५३५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1700 | ६५,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ELITE GURKHAS
Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२

**मलेसियामा रोजगार** कम्पनी : ELLESIME SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ LT. No. 338505 चलानी नं. ६०२५१९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 52 | 0 | 1700 | ६५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**युएइमा रोजगार** कम्पनी : NATIONAL READYMIX CONCRETE CO LLC.

पूर्व स्वीकृति मिति : २०८३/०२/११ LT. No.342585 चलानी नं. ६०२५५९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concreate Mixing Operator | 43 | 0 | 1800 | ७४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 24 | 0 | 1800 | ७४,७३० | | | | | | | |
| 3 | Light Driver | 17 | 0 | 1500 | ६२,२७५ | | | | | | | |
| 4 | Mason (General) | 41 | 0 | 1500 | ६२,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SECURE NEPAL JOB PLACEMENT PVT . LTD
श्रम इजाजत नं. १६४८/०८०/०८१
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

**युएइमा रोजगार** कम्पनी : AROUS AL SAHRA LADIES SPA CENTER – BRANCH 1

पूर्व स्वीकृति मिति : २०८१/११/१५ LT. No. 319421 चलानी नं. ६०२३३६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 1500 | ६२,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**बहराइनमा रोजगार** कम्पनी : ELITE FACILITY MANAGEMENT CO.S.P.C

पूर्व स्वीकृति मिति : २०८२/१०/११ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/११ LT. No. 337632 चलानी नं. ६०२५११७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 37 | 29 | 100 | ४०,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १९ गते (2nd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9713026256, E-mail : nepallifera1476.2017@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९२८०० | प्रति तोला – ० | प्रति तोला – ५१५० |



थली जिउलोको अनौठो परम्परा

करिब छ हेक्टर क्षेत्रफलमा फैलिएको बझाङको दुर्गाथली वडा नं ५ र ७ को मध्यभागमा रहेको छविसपाथिभेरा गाउँपालिकाको वडा नं ६ मा पर्ने थली जिउलो । थली जिउलोमा कृषि कार्य गर्दा सबै किसानले हरेक काम एकैदिन गर्ने र एकै किसिमको बाली लगाउनुपर्ने चलन रहेको छ । यहाँ धान रोप्ने, गोड्ने, उठाउनेदेखि लिएर 'परापुलो धान' मात्र रोप्न पाइने प्रचलन रहेको छ । *तस्बिरः रासस*


# 'जलाशययुक्त आयोजनामा सरकारको उच्च प्राथमिकता'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जलाशययुक्त आयोजना सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् । कुलेखानी जलविद्युत् आयोजनाको अवलोकनपछि उनले नेपालको दीर्घकालीन ऊर्जा सुरक्षा, औद्योगिक विकास र समग्र आर्थिक रूपान्तरणका लागि अब जलाशययुक्त आयोजनालाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने बताएका हुन् ।

मन्त्री श्रेष्ठले आगामी दिनमा सरकारको मुख्य ध्यान जलाशययुक्त आयोजनाको विकासमा केन्द्रित हुने स्पष्ट पारे । उनले यस्ता आयोजना विद्युत् उत्पादनका लागि मात्र नभई पानी व्यवस्थापन, बाढी नियन्त्रण, सिँचाइ विस्तार र पर्यटन प्रवर्द्धनका लागि समेत मेरुदण्ड बन्ने उल्लेख गरे ।

कुलेखानीका तीनवटै जलविद्युत् केन्द्रका कर्मचारीसँगको छलफलमा मन्त्री श्रेष्ठले जलवायु परिवर्तनका कारण बढ्दो प्राकृतिक जोखिम र अनियमित वर्षालाई मध्यनजर गर्दै भविष्यका लागि पानी भण्डारण गर्ने संरचनाको महत्व अझ बढेको उल्लेख गरे । 'जलवायु परिवर्तनले हिमनदी पग्लिने र वर्षाको स्वरूप बदलिने जोखिम बढाएको छ, यस्तो अवस्थामा ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजनाको विकल्प छैन', मन्त्री श्रेष्ठले भने ।



> जलवायु परिवर्तनले हिमनदी पग्लिने र वर्षाको स्वरूप बदलिने जोखिम बढाएको छ, यस्तो अवस्थामा ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजनाको विकल्प छैन ।
>
> ■ **विराजभक्त श्रेष्ठ**
> ऊर्जामन्त्री

मन्त्री श्रेष्ठले औद्योगिक क्षेत्र, डाटा सेन्टर र सूचना प्रविधि उद्योगका लागि दिगो ऊर्जा आपूर्ति सुनिश्चित गर्न जलाशययुक्त आयोजनाबाट 'पिक आवर' (उच्च मागको समय)मा बढी विद्युत् उत्पादन गर्न सकिने उल्लेख गरे । उनले नेपाल विद्युत् प्राधिकरणलाई जलाशययुक्त आयोजनाको एकीकृत विकास मोडल तयार गर्न निर्देशन दिँदै स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नुपर्नेमा जोड दिए । सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न यस्ता आयोजनाको लाइसेन्स अवधि ५० वर्ष कायम गरिसकेको जानकारी दिँदै उनले लगानीकर्तालाई यस क्षेत्रमा लगानी बढाउन आग्रह गरे ।

कुलेखानीलाई नेपालको 'रोल मोडल' परियोजनाका रूपमा व्याख्या गर्दै मन्त्री श्रेष्ठले स्थानीयस्तरबाट उठेका सामाजिक विषय र गुनासोलाई तत्काल सम्बोधन गर्न निर्देशन दिए । उनले जलाशय वरपर बढ्दो पर्यटकीय गतिविधिसँगै फोहर व्यवस्थापन चुनौतीपूर्ण बनेको भन्दै इन्द्रसरोवर क्षेत्रको वातावरण जोगाउन स्थानीय तह र व्यवसायीसँग समन्वय गर्न आग्रह गरे ।

मन्त्री श्रेष्ठले आइतबार आयोजना अवलोकन गरेपछि आयोजना क्षेत्रभित्रको जग्गा सीमांकन गर्न, बाढीपहिरोबाट जलाशयमा आउने ढुङ्गा-माटो व्यवस्थापन गर्न र पुराना उपकरणको मर्मत तथा प्रतिस्थापनका विषयलाई चाँडो सक्न निर्देशन समेत दिएका थिए । सन् १९८२ मा निर्माण सम्पन्न भएको कुलेखानी आयोजना नेपालकै पहिलो जलाशययुक्त जलविद्युत् आयोजना हो । यसको कूल जडित क्षमता १०६ मेगावाट रहेको छ कुलेखानी-१ (६० मेगावाट) कुलेखानी-२ (३२ मेगावाट) र कुलेखानी-३ (१४ मेगावाट) रहेको छ ।

सार्वजनिक लेखा समिति बैठक

# आर्थिक अनुशासन कायम गराउने मुख्य लक्ष्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** सार्वजनिक लेखा समितिका सभापति भरतबहादुर खड्काले आर्थिक अनुशासन कायम गराउने मुख्य लक्ष्य लिएर समितिले काम अघि बताएका छन् । बेरुजुको आयतन उच्च भएका मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरूसँग बेरुजु न्यूनीकरणसम्बन्धी विषयमा सोमबार समितिले आयोजना गरेको बैठकमा उनले जनताले सुशासन खोजेको र त्यो आर्थिक अनुशासनबाट मात्र सम्भव हुने बताए । ऐन, कानुनको मस्यौदा र संशोधन गर्दा सुशासन कायम गर्न सहज हुने हिसाबले नै गर्ने प्रतिबद्धता पनि सभापति खड्काको थियो ।

हालै महालेखापरीक्षकको कार्यालयले राष्ट्रपतिलाई बुझाएको ६३औं प्रतिवेदनअनुसार रु सात खर्ब ५५ अर्ब बेरुजु पुग्नुले सबैको शिर निहुरिएकाले अब सुशासनमा केन्द्रित भएर काम गर्न उनले बढी बेरुजु भएका मन्त्रालयका सचिवहरूलाई निर्देशन दिए ।

बैठकमा सांसद इन्दिरा रानाले करारका कर्मचारीले लिएको पारिश्रमिक बेरुजुमा आएको चर्चा सुनिएकाले त्यस्तो भएको हो त्यस विषयमा समितिमा छलफल गरी आवश्यक निर्णय गरिनुपर्ने बताइन् । अस्पतालमा खरिद गरिएका यन्त्रहरू प्रयोग नै नभएको विषयलाई पनि गम्भीर रूपमा लिनुपर्ने उनको भनाइ थियो ।

सांसद खगेन्द्र सुनारले नियतका कारण बेरुजु आएको हो भने त्यस्ता कार्यालयका लेखापाल र कार्यालय प्रमुखको व्यक्तिगत जाय जेथाबाट असुल उपर गर्ने व्यवस्था गरिनुपर्ने बताए । बुझेको, लेखेको, पढेको मानिसबाट बेरुजु बढिरहेकाले यसमा नियमनका लागि आवश्यक व्यवस्था गरिनुपर्ने उनको भनाइ थियो ।

सांसद बुद्धरत्न महर्जनले अनुगमन समिति बनाएर बेरुजु फछ्र्यौट गर्नुपर्ने बताए । सांसद यज्ञबहादुर बोगटीले के के कारणले बेरुजु आएको तिनलाई सम्बोधन गर्ने गरी कानुनी सुधार गरिनुपर्ने बताए । सांसद गणेशसिंह ठगुन्नाले अर्थ मन्त्रालयकै रु एक खर्ब २५ अर्ब बेरुजु आउनु दुःखद् रहेको बताउँदै खर्बौं रूपैयाँ बेरुजुमा राख्नु नहुने बताए । सांसद रूपेश रञ्जितले बेरुजु राखेर हिँड्ने कर्मचारी जुन कार्यालयमा पुगे वृत्ति विकासमा रोक लगाउनुपर्ने बताए । सांसद विपनिकुमार आचार्यले समितिको बैठक समयमै सुरु गरेर अधिकतम समयको उपयोग गरी सबै निकायलाई आर्थिक अनुशासनमा ल्याउने गरी काम गर्नुपर्ने बताए । सांसद प्रेमलाल चौधरीले कानुनी छिद्रताका कारण बेरुजुलगायत समस्या आउने गरेकाले मन्त्रालयका सचिव र कार्यालय प्रमुख यसतर्फ सचेत हुनुपर्ने बताए । सांसद जनकराज गिरीले सुशासन र पारदर्शिताको नयाँ मानक खडा गरिनुपर्नेमा जोड दिए । सांसद गोविन्द पन्थीले रु तीन करोडभन्दा बढी बेरुजु हुने कर्मचारीलाई कालो सूचीमा राखिनुपर्ने बताए । कार्यालय प्रमुखको स्वीकृति नभई खर्च नहुने भएकाले सुरुदेखि नै सचेत भए बेरुजुको अवस्था नआउने भनाइ राखे ।

बैठकमा सांसदहरू खुस्बु ओली, क्रान्तिशिखा धिताल र अमृता विकले आर्थिक अनुशासन कायम गराउन नीति, नियममा आवश्यक सुधार एवं नयाँ निर्माण गरिनुपर्नेमा जोड दिएका थिए । बैठकमा बढी बेरुजु भएका विभिन्न १० मन्त्रालयका सचिवले प्रस्तुति गरेका थिए ।

# नेप्सेमा २७ अंकको वृद्धि

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबारमापक नेप्से परिसूचक सोमबार झण्डै २८ अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २७ दशमलव ८५ अंकले उकालो लागेर दुई हजार ७८६ दशमलव ३५ मा पुगेको छ । यो एक प्रतिशत बराबरको वृद्धि हो । ठूला कम्पनीको कारोबारमापन गर्ने 'सेन्सेटिभ' परिसूचक तीन दशमलव ८५ अंकले उकालो लागेर ४७५ दशमलव ७४ मा पुगेको छ । कारोबार भएकामध्ये २३५ कम्पनीको सेयर मूल्य बढेको छ भने २८ कम्पनीको भने घटेको छ । कूल ३४२ कम्पनीको एक करोड ४५ लाख ४० हजार २२ कित्ता सेयर रु पाँच अर्ब ९८ करोड ६४ लाख १२ हजार ६०० मूल्यमा खरिद बिक्री भएको छ । कारोबारका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । यस्तै, रिडी पावर कम्पनी, अपि पावर कम्पनी, नेसनल हाइड्रोपावर कम्पनी र ङयादी ग्रुप पावर लिमिटेड शीर्ष स्थानमा छ ।

# असिनाले 'बुद्धचित्त'को गुणस्तर खस्कने चिन्ता

■ राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक–** रोशी गाउँपालिका-३ साँझकोटका गणेशबहादुर राउतलाई यसपालि बहमूल्य मानिएको 'बुद्धचित्त'को आम्दानी घट्नेमा निकै चिन्ता परेको छ । घरबारी र तल्लोबारी गरी सात बोटमा बुद्धचित्त लटरम्म फले पनि गत वैशाखको असिना-पानीबाट चिचिलामै दाग लागेपछि छिप्पिँदासम्म गुणस्तर खस्कनेमा उनी चिन्तित छन् ।

गत साल सोही बोटबाट करिब रु तीन लाख आम्दानी गरेकामा यसपालि दाना पोहरभन्दा बढी नै फले पनि व्यापारीले त्यति नै मूल्य नदिने उनी बताउँछन् । उनी भन्छन्, 'यसपालि असिना-पानी' ले बुद्धचित्त रूखमा क्षति पुऱ्यायो, दानामा दाग लगेका छन्, राम्रै हुँदैन भनेकाले यसपालि आम्दानी घट्ला !' सात वर्षअघि राउतले रोपेका ती बुद्धचित्तका बोटले तीन वर्षदेखि उत्पादन दिन थालेका हुन् । 'बर्सेनि उत्पादन भने बढ्दै गएको छ', राउतले भने, 'जेठ अन्तिमतिर दाना छिप्पिने भएकाले गाउँमा व्यापारी डुल्न थालिसकेका छन् ।'

छिमेकी कृष्णबहादुर राउतलाई पनि उस्तै चिन्ता छ । 'यसपालि बुद्धचित्त व्यापारीले जति दिए पनि चित्त बुझाउनुपर्ने बाध्यता छ', उनले भने । उनले पनि असिनाका कारण तीन बोटमा फलेको बुद्धचित्तको अधिकांश दानामा कालो दाग लागेको छ । अर्का किसान गुञ्जबहादुर लामा पनि व्यापारीले बुद्धचित्त हेर्न आउँछु भनेकाले बैना लिने सोचमा हुनहुन्छ । घरबारीमा चार बोटमा फलेको उहाँको बुद्धचित्त घरमै व्यापारी आएर लैजान्छन् । लामा भन्छन्, 'यसपालि भने व्यापारीले गत वर्षको झैं भाउ नपाउने भनेका छन्, यसपालि घाटा लाग्ने भयो ।'



धार्मिक कार्यमा प्रयोग हुने बुद्धचित्तका दाना विशेषगरी बौद्ध धर्मावलम्बीले जप गर्न तथा हात र गलामा लगाउन प्रयोग गर्छन् । रोशी गाउँपालिको २, ३, ४ र ५ नं वडाका किसानले व्यावसायिक रूपमै बुद्धचित्तको खेति गर्दै आएका छन् । यस वर्ष असिना-पानीले बुद्धचित्तको दानामा असर पुऱ्याएपछि किसान चिन्तित छन् । गत साल चार बोटबाट रु तीन लाख आम्दानी गरेका साँझकोटकै दीपक राउतले यसपालि बुद्धचित्तको गुणस्तरमा गिरावट हुने बताए । उनले यसपालि थप तीन बोटले उत्पादन दिन थालेकाले व्यापारीले आफूलाई बोटमै मूल्य गरेर बैना दिन आउने आश्वासन दिएको बताए ।

बुद्धचित्त काभ्रेपलाञ्चोकको तेमाल क्षेत्रमा पनि वर्षौंदेखि उत्पादन हुँदै आएको छ । विशेषगरी छिप्पिएको साना दाना तथा कम 'मुखे'को हिसाबले मूल्य निर्धारण गर्ने गरिएको छ । राम्रो फल्ने रूखका दाना चोरेर लैजाने भएकाले कतिपय किसानले सुरक्षाका लागि 'पाले' समेत राख्ने गर्दै आएका छन् । तेमाल क्षेत्रको चापाखोरी, मेच्छे, बोल्दे, कानपुरमा बुद्धचित्तको व्यावसायिक खेती हुँदै आएको छ ।

रोशी-५ सिपालीस्थित नागबेलीमा दुई वर्षअघि ठाकुरानी तामाङको बारीमा फुल्दै गरेको बुद्धचित्तको रूख नै अज्ञात समूहले काटिदिएका थिए । जिल्लाको सबैभन्दा महँगो कहलिएको उक्त रूख काटिएको ४ वर्षअघि लुटिएको पनि थियो । विसं २०७७ असार १२ मा करिब जना मुखुण्डोधारीहरूले माला कुर्न बसेका १५ जनालाई कब्जामा लिएर उक्त बोटका चार बोरा माला लुटेर भागेका थिए । त्यसबेला तामाङले रु ९० लाखमा बुद्धचित्तको दाना बिक्री गर्न बैनासमेत लिएका थिए । घटनाको केही समयपछि रूख काट्नेमध्ये केहीलाई पक्रेर प्रहरीले मुद्दा समेत चलाई थुनामा राखेको छ ।

प्रतिमाला रु पाँच हजारदेखि रु पाँच लाखसम्म बिक्री हुने बुद्धचित्त जोगाउन केही किसान रातभरि बोटमुनि नै सुत्नेसमेत गरेका छन् । पछिल्लो समय बुद्धचित्तको दाना र माला निकासीमा प्रहरीले सहयोग गर्दै आए पनि लुटेराबाट जोगाउन किसानलाई सास्ती पर्दै आएको बताउँछन् । कहिलेकाहीँ दाना जोगाउन मुस्किल पर्न थालेपछि समयअगावै टिपेर पठाइहाल्ने गर्नुपरेको तेमालका युद्ध लामाले बताए । बुद्धचित्तको दाना र माला काठमाडौंको बौद्ध र भारतको बोधगयासम्म पुग्ने गरेको स्थानीय व्यापारी बताउँछन् ।

यहाँको बुद्धचित्त मालाको बिरुवाको बाहिरी रूप बयर प्रजातिसँग मेल खाने र यो विश्वका अन्य ठाउँमा पाइनेभन्दा बेग्लै रैथाने प्रजाति भएपछि केही वर्षदेखि किसान तथा व्यवसायी पनि उत्साहित भएर यस खेतिप्रति आकर्षित भएका छन् । कतिपयले किसानले परीक्षणस्वरूप एक/दुई वटा बोट रोपेको पाइन्छ । ठूलो परिमाणमा बुद्धचित्त संकलन तथा खरिद-बिक्रीका लागि स्थानीय तहमा उल्लिखित कर तिर्नुपर्ने प्रावधान बनाइएको छ ।

केही वर्षको तथ्यांकले काभ्रेपलाञ्चोकको तेमाल र रोशी गाउँपालिकाबाट मात्रै वार्षिक करिब रु २० करोड बराबरको बुद्धचित्तको कारोबार हुने गरेको देखाएको छ । बुद्धचित्तको कारोबारमा भने केही चिनियाँ नागरिकले स्थानीयस्तरका नेपाली व्यापारीमार्फत खरिद गर्ने गरेका छन् । *रासस*

# छुमचौरमा मार्सीधान रोपाइँ

**जुम्ला (प्रस)–** पातारासी गाउँपालिका-३ स्थित छुमचौरमा धान रोपाइँ सुरु भएको छ । चिसोका कारण असारमा रोपेको धान समयमै नपाक्ने भएकाले यहाँ जेठमै धान रोप्ने परम्परा छ ।

गाउँपालिकाको कृषि शाखाको आयोजनामा कृषि विकास कार्यालयका कर्मचारीलागायत स्थानीयको सक्रियतामा छुमचौरको जिउलोमा धान महोत्सव आयोजना गरी रोपाइँ सुरु गरिएको गाउँपालिका उपाध्यक्ष जनमाया रोकायाले जानकारी दिइन् ।

पछिल्लो समय बजारमा मार्सी चामलको माग उच्च रहे पनि यसको उत्पादन घट्दै गएको छ । मार्सी लोप हुन नदिन गाउँपालिकाको छुमचौर जिउलोमा सामूहिक रोपाइँ गर्ने चलन सुरु गरेको प्रमुख प्रशासकीय अधिकृत हेम शर्मा चापागाईंले जानकारी दिए ।

जिल्लामा दुई हजार ८८८ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । जसमध्ये एक हजार ६८ हेक्टर अर्थात् ३७ प्रतिशत क्षेत्रफलमा रैथाने जुम्ली मार्सी धान उत्पादन हुने गरेको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले बताए ।

गत वर्षको कात्तिकदेखि फागुन मसान्तसम्मको अवधिमा जिल्लाबाहिर करिब १७५ मेट्रिक टन जुम्ली मार्सीधानको चामल बिक्री वितरणबाट करिब रु तीन करोड ५० लाख किसानले आम्दानी गरेको कृषि विकास कार्यालयका प्रमुख अधिकारीको भनाइ छ ।

परम्परागत खेती प्रविधिमा केही रोग कीरा बढ्दा कृषि अनुसन्धान केन्द्रले चन्दननाथ १ र ३ जातको धान यहाँका विभिन्न क्षेत्रमा लगाउन यहाँ सिफारिस गरिएको छ । अनुसन्धानले आगामी वर्ष मार्सी १८, २० र २२ जातको धान सिफारिस गर्ने क्रममा रहेको कृषि विकास कार्यालयका प्रमुख अधिकारीले जानकारी दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ